## संयुक्त इजलास

**स.प्र.न्या.श्री खिलराज[1] रेग्मी र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-WH-००३८, बन्दीप्रत्यक्षीकरण, *अर्जुनविक्रम राणा वि. कारागार कार्यालय, जगन्नाथ देवल, काठमाडौंसमेत*

प्रतिवादीको वतनमा म्याद जारी गर्दा वतन फेला नपरेपछि जिल्ला अदालत नियमावली, २०५२ को नियम २२(क) अनुसार राष्ट्रिय पत्रिकामा सूचना प्रकाशित गर्नुपर्नेमा सोबमोजिम सूचना प्रकाशित गरेको पनि देखिन आएन । पछि अदालतको आदेशानुसार र वादी पक्षबाट खुलाइएको प्रतिवादीको वतन का.जि.का.म.न.पा वडा नं. १४ मा म्याद जारी भई मिति २०६६।५।७ मा तामेल भएको देखिएको भए पनि प्रतिवादीको बसोबास सो वतनमा त्यस समयमा रहेको भन्ने कुनै आधार वादी पक्षबाट पेश भएको अवस्था देखिन आउँदैन । प्रतिवादी अर्जुनविक्रम राणाको पत्नी रूवी राणाको नामा का.जि.का.म.न.पा. वडा नं. १४ सुनार गाउँमा कि.नं. ५५ को घरजग्गा रहेको छ भनी विपक्षी यति ट्राभल्सले उल्लेख गरेअनुसार यस अदालतको आदेशानुसार सो कित्ताको मोठ स्रेस्ता पास भए तापनि सो दर्ता स्रेस्तामा रूवी राणाको वतन का.जि.का.म.न.पा. वडा नं. २२ उल्लेख भएको र सो जग्गा निजको नाममा मिति २०६९।४।२६ मा मात्र प्राप्त भएको देखिएकोले सो घरजग्गा प्राप्त हुनुभन्दा धेरै अघि अर्थात् मिति २०६६।५।७ गते सो वतनमा तामेली भएको भनिएको कुराबाट म्याद तामेल भएको मितिमा प्रतिवादीको सो वतनमा बसोबास भएको कुरा प्रमाणित हुन नसक्ने हुँदा निवेदक प्रतिवादी भएको ठगी मुद्दामा प्रतिवादीको नाउँको म्याद निज बसोबास गरेको वतनमा जारी एवं तामेल भएको भन्ने नदेखिई सो समयमा सो ठाउँमा निवेदक बसोबास नरहेको वतनमा तामेल भएको भन्ने देखिँदा सो तामेली म्याद अ.बं. ११० नं. बमोजिम रीतपूर्वक तामेल भएको भन्न नमिल्ने ।

निवेदकलाई प्रतिवाद गर्ने मौका नै नदिई काठमाडौं जिल्ला अदालतबाट फैसला भएको देखिएकोले त्यस्तो बेरीत देखिएको मिति २०६६।५।७ को तामेली म्याद र सो म्यादका आधारमा भएको मिति २०६७।१२।१६ को फैसला, मिति २०६९।१।१७ को पक्राउ पूर्जी, मिति २०६९।१।२० को कैद ठेक्न पाएको पत्र निवेदकको हकमासम्म कानूनसम्मत् नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

रिट निवेदनमा निवेदकले अ.बं. २०८ नं. को म्यादमा समेत व्यतीत भएबाट सुनुवाइको मौकाको लागि पुन: म्याद जारी हुनको लागि परमादेश जारी गरिपाऊँ भन्ने दावी लिएको र ठगी मुद्दामा प्रतिवाद गर्ने मौका नपाएको कारणबाट निजको हकमा ठगी मुद्दामा भएको फैसला सदर भएबाट निजलाई कैदबाट मुक्त गराई पुन: निजको नाममा म्याद जारी गर्नुको सट्टा निजलाई कारागार कार्यालयबाट काठमाडौं जिल्ला अदालतमा झिकाई ठगी मुद्दामा निजको बयान गराई निजको कुरासमेत सुनी सबूद प्रमाणसमेत बुझी निर्णय गर्नु नै कानूनसंगत् देखिने ।

निवेदक विजयकुमार बस्न्यात विरूद्ध काठमाडौं जिल्ला अदालतसमेत भएको रिट नं. ०६७-WH-००४४, बन्दीप्रत्यक्षीकरणको मुद्दामा सुनुवाइको मौका नदिई भएको फैसला उल्लेख भएको आदेशबाट बदर गरी निवेदकलाई पुन: आरोपित कसूरमा बयान गराई सो मुद्दामा हुने आदेशानुसार हुने गरी रिट निवेकलाई काठमाडौं जिल्ला अदालतमा उपस्थित गराई दिनु भनी आदेश जारी हुने गरी यस अदालतबाट मिति २०६७।९।२७ मा आदेश भएकोसमेत देखिँदा उल्लिखित मुद्दाको प्रस्तुत रिट निवेदनको तथ्यगत अवस्था एकै जस्तो भएबाट उक्त मुद्दामा प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रस्तुत रिट निवेदनका रिट निवेदकलाई तत्काल कारागार कार्यालयबाट काठमाडौं जिल्ला अदालतमा ठगी मुद्दामा बयान गर्न उपस्थित गराई बयानपश्चात् सो अदालतबाट सो मुद्दामा हुने आदेशानुसार हुने गरी यी रिट निवेदकलाई उक्त अदालतमा उपस्थित गराई दिनु भनी विपक्षी

कारागार कार्यालय, जगन्नाथ देवल, काठमाडौंको नाउँमा आदेशसमेत जारी हुने ।
इजलास अधिकृत: कमलराज विष्ट
कम्प्युटर: अमिररत्न महर्जन
इति संवत् २०६९ साल माघ ७ गते रोज १ शुभम् ।

२

**स.प्र.न्या श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. २०६७-CR-०८४४, २०६८-CR-१४१४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ज्ञानबहादुर भन्ने ताराबहादुर मोक्तानसमेत, राजेश भन्ने जंगीराम गोले वि. नेपाल सरकार*

सहप्रतिवादी जंगीरामले आफूले मात्रै मृतकलाई कुटपीट गरेको भनी स्वीकार गरेको कुरा शवपरीक्षण प्रतिवेदनबाट देखिएको चोटको प्रकृतिबाट समर्थित भैरहेको छ । यस्तो स्थितिमा निज प्रतिवादी ताराबहादुरलाई ज्यानसम्बन्धी महलको १३(३) बमोजिमको कसूरदार ठहऱ्याई सजाय गर्नु न्यायसंगत् र कानूनसंगत् नहुँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) को कसूरमा दुई वर्ष कैद सजाय हुने ।

रातिको समयमा वारदात घटेको, गेष्ट हाउसका ग्राहकहरू सुतेको बन्द कोठाभित्र वारदात भएको, सहप्रतिवादीहरूले पुनीत खत्रीउपर पोल गरेको नदेखिएको समेतका आधारबाट वारदातमा निज प्रतिवादीको कुनै किसिमको संलग्नता रहेको भन्ने पुष्टि हुन आएको छैन । यस्तो स्थितिमा निज प्रतिवादीलाई कसूरदार ठहर गर्नु न्यायोचित् नहुने हुँदा निजलाई सफाइ हुने ।

प्रतिवादी जंगीराम गोलेले घटना विवरण खुलाई दिएको साविती बयान निजउपरको किटानी जाहेरी, टाउकाको चोटको कारण मृतकको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन र मौकैमा निजसमेत पक्राउ परेको अवस्था समेतबाट प्रमाणित भएको छ । यसप्रकार संलग्न प्रमाणहरूबाट निज प्रतिवादीले मृतक राजकुमारको टाउकामा लठ्ठीले पटकपटक प्रहार गरी कर्तव्य गरी मारेको प्रमाणित भएको हुँदा निज प्रतिवादी कसूरदार ठहर भै ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ।

प्रतिवादी र मृतकका बीचमा पूर्व रिसइवी देखिँदैन । प्रतिवादीले मृतकलाई पूर्व तयारी गरी ज्यान मारेको अवस्था पनि देखिएको छैन । मादक पदार्थ सेवन गरी गेष्ट हाउसको एउटै कोठामा सुत्ने तरखर गरेको अवस्थामा मृतक राजकुमारले होहल्ला गरेको, पटकपटक बत्ती बाल्ने र निभाउने गरेको, यी प्रतिवादीलाई खाते भनी गाली गलौज गर्नेजस्ता अस्वाभाविक क्रियाकलाप गरी झगडा भनाभन हुन गएको, वारदात घट्नुमा मृतकको व्यवहार कारकको रूपमा देखिएको समेतका वारदात हुँदाको परिस्थिति, यी प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा बयान गर्दा कसूर गरेको स्वीकार गरी न्याय निरोपणको प्रक्रियालाई सहयोग पुऱ्याएको अवस्था र प्रतिवादीको उमेर २० वर्ष रहेको भन्ने कुरालाई समेत दृष्टिगत गर्दा प्रतिवादी राकेश भन्ने सीताराम गोलेलाई सर्वस्वसहित जन्मकैदको सजाय दिँदा चर्को पर्ने देखिन आएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्ष कैद गर्नु मनासिब हुने ।
इजलास अधिकृत: टीकाराम आचार्य
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०६९ साल पुस २ गते रोज २ शुभम् ।

३

**स.प्र.न्या श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. २०६७-CR-१०३४, कर्तव्य ज्यान, *डिल्लीबहादुर राय वि. नेपाल सरकार*

प्रतिवादीले ढुंगाका अलावा बञ्चरो जस्तो जोखिमी हतियार प्रयोग गरी आफूलाई जन्म दिने आमालाई मारीसकेपछि करीब ५ मिनेटको बाटो हिँडी बाबुलाईसमेत मारेको अवस्था छ । यसरी ज्यान मार्ने इवी लिएर जोखिमी हतियारले प्रहार गरी मनसायपूर्वक हत्या गरेको अवस्थामा ज्यानसम्बन्धी महलको १४ नं. बमोजिमको कसूर अपराध कायम हुनसक्ने अवस्था नभएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।
इजलास अधिकृत: टीकाराम आचार्य
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०६९ साल पुस २ गते रोज २ शुभम् ।

४

**स.प्र.न्या श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. २०६७-CR-११६२, साधक नं. ०६७-RC-०७०, कर्तव्य ज्यान, *रामप्रसाद महतो वि. नेपाल सरकार, नेपाल सरकार वि. विकास भन्ने तुलबहादुर कुमाल*

शव परीक्षण प्रतिवेदनबाट जोडदार कुटपीटको कारण मृतकको मृत्यु भएको भन्ने देखिएको, लास जाँच मुचुल्काबाट मृतकको शरीरका विभिन्न भागमा चोटपटक देखिएको, जाहेरवाला नारायणप्रसाद दवाडीसमेतले अदालतमा आई गरिदिएको बकपत्रसमेतका प्रमाणहरूबाट यी दुई जना प्रतिवादीहरू रामप्रसाद महतो र तुलबहादुर कुमालले मृतक बासुदेव दवाडीलाई कर्तव्य गरी मारेको प्रमाणित हुन आएकोले प्रतिवादीहरूले अभियोग दावीबमोजिमको कसूर गरेको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।

प्रतिवादीहरू रामप्रसाद महतो र तुलबहादुर कुमालले मृतक बासुदेव दवाडीलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी रहे भएको नदेखिएको, प्रतिवादीहरूले पूर्वयोजनाकासाथ वारदात घटाएका पनि नदेखिएको, रातिको समयमा नसा सेवन गरी सँगै हिँडिरहेको अवस्थामा नाच हेर्न जाने वा नजाने भन्ने विषयमा मृतक र प्रतिवादीहरू बीच विवाद झगडा हुँदा प्रतिवादीहरूले कुटपीट गरेको कारणबाट मृतकको मृत्यु हुन पुगी वारदात घटेको अवस्था तथा यी प्रतिवादी रामप्रसादको उमेर २० वर्ष र तुलबहादुरको उमेर १९ वर्ष रहेको कुरालाई समेत विचार गर्दा निज प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिएकोले जनही १०।१० वर्ष कैद सजाय गर्नु मनासिब देखिने ।

इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल पुस २ गते रोज २ शुभम् ।

५

**स.प्र.न्या श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रकाश वस्ती,** पुनरावेदन नं. २०६७-CR-१३१९, कर्तव्य ज्यान, *धनबहादुर भण्डारी वि. नेपाल सरकार*

शव परीक्षण प्रतिवेदनबाट घाँटी थिचेर श्वासप्रश्वास रोकिएको कारण (Asphyxia due to throtting) मृतकको मृत्यु भएको भन्ने उल्लेख छ। लास जाँच मुचुल्का, मौकामा कागज गर्ने मृतककी श्रीमती मधु विष्ट, चन्द्रसिंह विष्टलगायतको भनाई, जाहेरवालाको भनाई जाहेरवालाको किटानी जाहेरी र निजले अदालतमा गरिदिएको बकपत्र, प्रत्यक्षदर्शी लालसिँहको बकपत्रलगायतका कागज प्रमाणबाट यी प्रतिवादी धनबहादुर भण्डारीले मृतकलाई घाँटी थिची मुक्का र दाउराको चिर्पटसमेतले प्रहार गरी कर्तव्य गरी मारेको कुरा निर्विवाद रूपमा प्रमाणित भएको पाइन्छ। यसरी मनसायपूर्वक कर्तव्य गरी मारेको भन्ने कुरा शंकारहित तवरले प्रमाणित भएको स्थितिमा निज प्रतिवादी धनबहादुर भण्डारीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः टीकाराम आचार्य
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल पुस २ गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री रामकुमार प्रसाद शाह,** ०६७-CR-०३७४, लागू औषध, खैरो हेरोइन, *राजुसिंह देवकोटा वि. नेपाल सरकार*

प्रतिवादी राजुसिंह देवकोटासँगै रहेका अर्का प्रतिवादी कान्छाभाइ बलामीको सँगसाथबाट लागू औषध खैरो हेरोइन ३५ ग्राम बरामद भएको भन्ने बरामदी मुचुल्का, यी पुनरावेदक प्रतिवादी राजुसिंह देवकोटासमेतले कसूरमा सावित भई अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान अर्का प्रतिवादी कान्छाभाइ महर्जनको मौकामा गरेको बयानसमेतबाट समर्थित भैरहेको अवस्था र निजको सो बयान स्वेच्छाविपरीत भएको भन्ने वस्तुनिष्ठ प्रमाणको अभाव, बरामदी मुचुल्काको व्यहोरालाई समर्थन गरी मुचुल्काका व्यक्तिहरूले अदालतमा गरेको

बकपत्र, अर्का प्रतिवादी कान्छाभाइ बलामीको साथबाट लागू औषध बरामद हुँदा यी पुनरावेदक प्रतिवादी एकैसाथ पक्राउ परेको भन्ने प्रहरी कर्मचारीहरूको प्रतिवेदनसमेतका आधार र कारणबाट यी पुनरावेदक प्रतिवादी राजुसिंह देवकोटासमेतले अभियोग दावीबमोजिमको कसूर गरेको पुष्टि भएकोले निजसमेतलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ) को देहाय २ बमोजिम कैद वर्ष १०(दश) र जरीवाना रू. ७५,०००।- (पचहत्तर हजार) सजाय गरी काठमाडौं जिल्ला अदालतमा चलेको स.फौ.नं. १२९४ मुद्दामासमेत यी पुनरावेदक प्रतिवादी राजुसिंह देवकोटालाई कसूर गरेको ठहर भएको भन्ने आधारमा उक्त लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १६ बमोजिम कैद महिना ३(तीन) र जरीवाना रू. ५,०००।- (पाँचहजार) समेतको थप सजाय हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल मंसिर २७ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६७-CI-०६६१, निषेधाज्ञा, *देउराम खत्री वि. जिल्ला प्रहरी कार्यालय, रूकुमसमेत*

कुनै पनि व्यक्तिको कानूनप्रदत्त हक अधिकारमा अन्य कुनै व्यक्ति वा निकायबाट आघात पुग्ने प्रवल आशंकाको विद्यमानता रहेको अवस्थामा निजलाई रोक्न निषेधाज्ञाको आदेश जारी गरी व्यक्तिको त्यस्तो कानूनप्रदत्त हक अधिकारउपर आघात पर्न नदिनु निषेधाज्ञाको मूल उद्देश्य हो । कानूनप्रदत्त हक अधिकार हनन् हुने आशंकाको अवस्था रहेको छ भन्ने मिसिल प्रमाणहरूबाट पुष्टि हुनुपर्दछ । मनोगतरूपमा आशंका रहेको भन्दैमा मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुन नसक्ने हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल मंसिर २८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** ०६७-CI-०७८९, परमादेश, *राजकिशोर प्रसाद शाहसमेत वि. बालेश्वर पण्डित*

निवेदकलाई सेवाबाट हटाउने गरी पुनरावेदक विपक्षी जनकपुर नगरपालिकाबाट भएको मिति २०५९।४।१३ को निर्णय बदर भई निजलाई सेवामा पुनः बहाल गराउनु भनी यस अदालतबाट २०६० सालको रिट नं. ३४४४ को मुद्दामा पुनरावेदक विपक्षीको नाममा आदेश जारी भएको देखिएको र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २३८ मा सेवाबाट हटाइएको कर्मचारी पुनः बहाली भएमा त्यस्तो कर्मचारी सेवाबाट हटेको मितिदेखि सेवमा पुनः बहाली भएको मितिसम्मको तलव भत्ता र तलव वृद्धि पाउने भए सोसमेत भुक्तानी दिनुपर्नेछ भन्ने अनिवार्य रूपमा पालना गर्नुपर्ने कानूनी व्यवस्था रहेको देखिँदा प्रत्यर्थी निवेदकलाई सेवाबाट हटेको मितिदेखि पुनः बहाली भएको मितिसम्मको तलव भत्ता भुक्तानी दिन कानूनले बाधा नपर्ने भएमा सो भुक्तानी दिनेतर्फ आवश्यक व्यवस्था गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल मंसिर २८ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६७-CI-१०००, परमादेश, *अञ्जु खातुन वि. लाहान नगरपालिका कार्यालय, सिरहा*

लाहान नगरपालिकाले आफैंले दिएको बहालबाट यी पुनरावेदक निवेदकलाई निष्काशन गर्न लागेकोले सो रोकी पाउन परमादेशको आदेश जारी गरिपाऊँ भनी निवेदकको निवेदन परेको देखिएको र कुनै सार्वजनिक निकाय वा पदाधिकारीले गर्न लागेको कुनै काम रोक्नको लागि परमादेशको आदेश जारी हुन परमादेशसम्बन्धी सिद्धान्त समेतबाट मिल्ने नदेखिएकोले सोही आधारमा पुनरावेदक निवेदकको निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

इति संवत् २०६९ साल मंसिर २८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६७-CI-०२८३, परमादेश, *विनोदकुमार चौधरी अग्रवाल वि.नगर विकास समिति, वीरगञ्ज पर्सासमेत*

विवादित प्लट नं. ६३९ को जग्गा खरीदको लागि पुनरावेदक निवेदकले विपक्षी नगर विकास समितिमा रकम बुझाएको भन्ने रसिद पेश गर्न सकेको नदेखिएको समेतका आधारबाट विवादित जग्गामा यी पुनरावेदक निवेदकको निर्विवाद कानूनी हक स्थापित भएको भन्ने नदेखिएकोले विवादास्पद तथ्यमा प्रवेश गरी परमादेशको आदेश जारी हुने अवस्था नरहेकोले निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल मंसिर २८ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कल्याण श्रेष्ठ,** २०६६-CI-११६६, निषेधाज्ञा, *ग्युर्मे गुरुङ वि. काठमाडौं महानगरपालिका कार्यालय, काठमाडौंसमेत*

पुनरावेदक निवेदकलाई १० वर्षसम्म काठमाडौंको वसन्तपुर दरवारक्षेत्रमा रात्री व्यवसाय सञ्चालन गर्न दिने भनी पुरावेदक निवेदक र प्रत्यर्थी विपक्षी काठमाडौं महानगरपालिकाबीच मिति २०५८।१।३ मा सम्पन्न करार मितिबाट १० वर्ष अर्थात् मिति २०६८।१।२ मा नै करार अवधि समाप्त भई प्रयोजनहीन भैसकेको प्रस्तुत पुनरावेदनमा थप विचार गरिरहनु पर्ने अवस्था नदेखिएकोले निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल मंसिर २८ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** ०६५-WO-०३३७, उत्प्रेषण परमादेशसमेत, *मीना भण्डारी वि. कर्णबहादुर चन्दसमेत*

विवादित कि.नं. १६३ को जग्गा निवेदकले बकसपत्रबाट प्राप्त गरेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन्छ । उक्त जग्गामा उनाउ व्यक्तिबाट प्राप्त गरेको भन्ने जिकीर भए पनि निवेदकले सो जग्गा बकसपत्रबाट प्राप्त गरेको भन्ने तथ्यलाई विपक्षी कर्णबहादुर चन्दले समेत अन्यथा भन्न सकेको अवस्था देखिँदैन । यस्तो अवस्थामा कि.नं. १६३ को घर जग्गा कसैको अंश हक नलाग्ने निजी सम्पत्ति हो होइन भन्ने विषय प्रमाण बुझी निर्णय गर्नुपर्ने विषय भएको र सो सम्बन्धमा मुद्दा परी निर्णय भई नसकेका अवस्थामा ऋणीको नाममा रहेको निजको हक लाग्ने सम्पत्तिको खोजी नगरी निवेदकले बकसबाट प्राप्त गरेको र कृषि विकास बैंकबाट रोक्का भैरहेको घर जग्गालाई पूर्ववत् रोक्का राखी कानूनबमोजिम कारवाही गर्नु भनी कृषि विकास बैंकबाट फुकुवा भई आएको अवस्थामा उक्त घरजग्गा रोक्का गरी लिलामीको कारवाही गरी बिगो भरिभराउको लागि मार्ग प्रशस्त गर्ने गरी भएको आदेश मिलेको नदेखिने ।

लगाउको लेनदेन मुद्दामा शुरू तथा पुनरावेदन अदालतबाट ठहर भएको बिगो रू. ३०,००,०००।- र सोको ब्याज तथा कोर्टफी बिगो भराउका लागि उक्त मुद्दाका वादी कर्णबहादुर चन्दले दिएको निवेदनमा निवेदकको नाममा रहेको कि.नं. १६३ को घर जग्गा बिगो भराउ गर्ने प्रयोजनका लागि पुनरावेदन अदालत, पाटनबाट पूर्ववतः रोक्का राखी कारवाही अगाडि बढाउने गरी आदेश भएकोमा यस अदालतबाट पुनरावेदन अदालतको इन्साफ केही उल्टी भई वादी कर्णबहादुर चन्दले रू. १५,००,०००।- र सोको भरिभराउ हुँदाका मितिसम्मको ब्याज मात्र भरी पाउने ठहरी फैसला भई आज अन्तिम टुङ्गो लागेको हुँदा शुरू तथा पुनरावेदन अदालतको फैसलाअनुसार भएको बिगोको कारवाही कायम नरहने भई दण्ड सजायको महलको ४२ नं. अनुसार भएको बिगोको कारवाही कायम नरहने भई दण्ड सजायको महलको ४२ नं. अनुसार आखिरी फैसला भएको मितिबाट वादीको निवेदनअनुसार बिगोसम्बन्धमा कारवाही प्रारम्भ हुने अवस्था भएको तथा ऋणी

करमसिंह भण्डारीको नाममा रहेको निजको हक लाग्ने सम्पत्तिको खोजी नगरी निवेदकको बकसबाट प्राप्त गरेको सम्पत्तिबाट भरिभराउका लागि कर्णबहादुर चन्दले निवेदन दिएको र उक्त सम्पत्ति निवेदकको निजी हो होइन भन्ने कुरा यकीन नभई निजका पतिले भरिभराउ गर्नुपर्ने बिगोबापत उक्त घरजग्गा पूर्ववत् रोक्का राखी कानूनबमोजिम कारवाही गर्नु भनी पुनरावेदन अदालतबाट मिति २०६५।७।२२ मा भएको आदेशबाट निवेदकको संविधान तथा कानूनप्रदत्त सम्पत्तिसम्बन्धी हकमा असर परेको देखिएकोले पुनरावेदन अदालत, पाटनको मिति २०६५।७।२२ को आदेश उत्प्रेषणको आदेश जारी भई बदर हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल पुस १७ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री सुशीला कार्की,** २०६६-CI-००९०, चेक अनादर (लेनदेन), *करमसिंह भण्डारी वि. कर्णबहादुर चन्द*

वस्तुतः बैंकमा मौज्दात नभएको वा पर्याप्त मौज्दात नभएको कारणले चेक अनादर भएको तथ्यले मात्र चेक प्राप्त गर्ने व्यक्तिले चेक जारी गर्ने व्यक्तिलाई चेकमा उल्लेख भएअनुसारको रकम ऋण दिएको रहेछ भन्ने कुरा स्वतः प्रमाणित हुन सक्दैन । चेक जारी गर्ने व्यक्तिले आफूले धारकलाई सापटी दिएको वा अन्य कारणले पनि अर्को व्यक्तिको नाममा चेक जारी गरेको हुनसक्छ । वादीले आफूले प्राप्त गरेको चेकमा उल्लेख भएअनुसारको रकम प्रतिवादीलाई ऋण दिएको हुनाले आफूले भरी पाउने हो भन्नलाई दावीअनुसारको रकम प्रतिवादीले वादीबाट ऋण लिएको भन्ने तथ्य प्रमाणहरूबाट पुष्टि गर्नुपर्ने ।

विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ को कानूनी व्यवस्थाअनुसार धारकप्रति उत्तरदायी व्यक्ति को हो र कति रकमसम्म उत्तरदायी हुने हो भनी अदालतले सबूद प्रमाण हेरेर ठहर निर्णय गर्नुपर्ने हुन्छ । कानूनमा उल्लिखित प्रावधानको व्याख्या गर्दा स्वाभाविक अर्थमा मनासिब एवं न्यायोचित परिणाम निस्कने गरी व्याख्या गर्दा स्वाभाविक अर्थमा मनासिब एवं न्यायोचित परिणाम निस्कने गरी व्याख्या गर्नुपर्ने ।

प्रतिवादी करमसिंह भण्डारीले वादीलाई मिति २०६०।१०।२९ मा १५ लाखको चेक दिएपछि सो चेक तत्काल अनादर भएपछि फेरि अर्को कारोवार गरी वादीले प्रतिवादीलाई पुनः ऋण दिएको भन्ने वादी दावी देखिँदैन । नत एउटा चेक अनादर भएपछि पुनः सोही व्यक्तिलाई सोही रकम बराबरको ऋण दिएको होला भन्ने अनुमान गर्न तर्कसंगत हुन सक्छ । पहिलो चेक प्राप्त गरेको करीव ४ महिनाभन्दा बढी अवधिसम्म बैंकमा प्रस्तुतसम्म नगरी साथै राखी पुनः २०६१।३।५ मा अर्को चेक प्राप्त गरेपछि मात्र मिति २०६१।३।१० मा दुबै चेकहरू बैंकमा प्रस्तुत गरेको देखिनाले एउटै रकममा लागि दुई पटक १५/१५ लाख रकमको चेक खिचेको भन्ने प्रतिवादीको जिकीर अन्य टिपोटसमेतका परिस्थितिजन्य प्रमाणहरूबाट पुष्टि भएको देखिने ।

वादीले आफूले प्रतिवादीबाट प्राप्त गरेका दुबै चेकहरूको जम्मा रू. ३०,००,०००।- प्रतिवादीलाई ऋण दिएको भन्ने वादीलाई प्रमाणहरूद्वारा पुष्टि गरेको देखिन आएन । प्रतिवादी करमसिंह भण्डारीले रू. पन्ध्र लाख वादीबाट लिएको तथ्यलाई स्वीकार गरी अदालतमा बयान गरेको देखिनाले सो पन्ध्रलाख रकम वादीले प्रतिवादीबाट भरिपाउने हुन्छ । अतः रू. पन्ध्र लाख र चेक फिर्ता भएको मिति २०६१।३।१० देखि सोको १० प्रतिशतले भरीभराउको मितिसम्मको ब्याजसमेत मात्र वादीले प्रतिवादीबाट विनिमय अधिकार पत्र ऐन, २०३४ अनुसार भराई पाउने ठहर गर्नुपर्नेमा तीस लाख र सोको ब्याजसमेत भरी पाउने ठहर गरेको शुरू अदालतको इन्साफ सदर गर्ने गरेको पुनरावेदन अदालतको इन्साफ सो हदसम्म नमिलेकोले केही उल्टी हुन्छ । वादीले प्रतिवादीबाट रू. १५ लाख र सोको १० प्रतिशतले मिति २०६१।३।१० देखि भरिभराउ हुँदाका मितिसम्मको समेत भराई पाउने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल पुस १७ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-WO-०३१०, उत्प्रेषण परमादेशसमेत, घिर्कबहादुर भण्डारी वि. कारागार कार्यालय, कञ्चनपुरसमेत

कञ्चनपुर जिल्ला अदालतबाट भएको मिति २०३९।६।१२ को फैसला संशोधन गर्ने गरी सो अदालतबाट मिति २०४२।१०।३ मा आदेश गर्दा मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिमको प्रक्रियाअनुरूप भएको भन्ने नदेखिई सो अवस्थामा प्रचलित न्याय प्रशासन सुधार ऐन, २०३१ को दफा १२(ख) मा उल्लिखित फैसला संशोधन गर्ने कानूनी व्यवस्थाअनुरूप नै भए गरेको देखिएको, यी निवेदकले चोरी मुद्दामा आफूलाई कैद जरीवानासमेत हुने गरी भएको उक्त अदालतको मिति २०३९।६।१२ को फैसलालाई सम्मान गरी तत्काल कार्यान्वयन गर्नेतर्फ सहयोग गरेको अवस्था रहेको भए उक्त मिति २०४२।१०।३ मा भएको फैसला संशोधन आदेश बदर गरिपाऊँ भनी परेको प्रस्तुत निवेदन विचारणीय हुनसक्नेमा आफूलाई कैद र जरीवाना हुने गरी भएको उक्त मिति २०३९।६।१२ को फैसलालाई कार्यान्वयन गर्न सहयोग नपुऱ्याई भागी हिँडी सो फैसला कार्यान्वयन नहुँदै उक्त मिति २०४२।१०।३ मा भएको फैसला संशोधनको आदेश बदर गरिपाऊँ भनी संशोधन आदेश भएको झण्डै २५ वर्षको अन्तरालमा विलम्ब गरी पर्न आएको प्रस्तुत निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल भदौ १० गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६६-WO-०७७९, उत्प्रेषण परमादेशसमेत, *रामप्रसाद कपडीसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

स्वास्थ्य सेवा विभागको मिति २०६६।१२।१० को निर्णयबाट तालीम मनोनयनको आधारहरू संशोधन भई यी निवेदकलगायतका छैठौं तहका कर्मचारीलेसमेत निवेदनमा उल्लिखित तालीमका लागि आवेदन दिनसक्ने व्यवस्था भई निवेदकहरूको माग सम्बोधन भइसकेको भन्ने विपक्षीहरूको लिखितजवाफ संलग्न स्वास्थ्य सेवा विभागको मिति २०६६।१२।१० को निर्णयबाट देखिन आएको छ । विपक्षी स्वास्थ्य सेवा विभागको मिति २०६६।१२।१० को निर्णयबाट निवेदकहरूको माग सम्बोधन भई निवेदकहरू समेतले तालीममा छनौट हुनको लागि दरखास्त दिने अवसर प्राप्त गरिसकेको र आ.व. २०६६/०६७ को स्वीकृत वार्षिक तालिम कार्यक्रममा समावेश गराउन आदेश जारी गरिपाऊँ भनी प्रस्तुत निवेदन परेकोमा उल्लिखित आर्थिक वर्ष २०६६/०६७ को समाप्ति भई प्रयोजनहीन भैसकेको देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल साउन १४ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको २०६५-WO-०४५६, उत्प्रेषण परमादेशसमेत, *बुद्धिसागर तिवारीसमेत वि. निदेशचन्द्र पौडेलसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

११

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६५-WO-०५४५, परमादेश, *मीरा ढुंगानासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

व्यक्तिगत एवं निजी हकहितको प्रश्न नदेखिई महिलाहरूको अंशहकको सम्पत्ति रक्षासँग लगायतका विषयसँग सम्बन्धित देखिँदा त्यस्तो विषयमा सर्वसाधारण सबैको चासो र सरोकार रहन जाने हुन्छ । सार्वजनिक सरोकार रहेको प्रस्तुत विषयको निरोपणको लागि कानून व्यवसायीको रूपमा रहेका निवेदकहरूलाई अदालत प्रवेश गर्ने हकदैया नरहेको भन्न नमिल्ने ।

संविधानले विधायिकालाई प्रदान गरेको संवैधानिक अख्तियारीभित्र रही विधायिकाले एउटा निश्चित् विधायिकी नीति वा सिद्धान्त बनाई त्यसलाई कार्यान्वयन गर्न कानून निर्माण गर्ने कार्य विधायिकाको क्षेत्राधिकारभित्रको विषय हो । कुन उद्देश्य प्प्तिका लागि के कस्तो कानून बनाउने वा नबनाउने भन्ने विषय विधायिकाको एकलौटी क्षेत्राधिकार (Exclusicve Jurisdiction) अन्तर्गत पर्ने कुरा हो । शक्तिपृथकीकरणको सिद्धान्तले विधायिकी दायरा (Legislative domain) को कानून निर्माणको विषयमा सामान्यतया न्यायपालिकाले हस्तक्षेप गर्न नमिल्ने ।

विधायिकी प्रज्ञा (Legislative wisdom) भित्रका कानूनमा संशोधनका साथै आवश्यक नयाँ कानूनको निर्माणको विषयमा प्रभाव पार्ने गरी अदालती कारवाही उपयुक्त नहुने ।

कानूनको व्यवस्था समयसापेक्ष हुनुपर्दछ । समयअनुकूल नरहेको व्यवस्था वा प्रावधानलाई परिमार्जन गरी राज्यले संविधानको भावनाविपरीत नहुने गरी कानून बनाउन सकिने ।

नेपालको संवैधानिक व्यवस्थाको मर्म र उद्देश्य, नेपाल सन्धि ऐन, २०४७ बमोजिम राज्यले बहन गर्नुपर्ने दायित्वसमेतलाई मध्यनजर राखी महिलाको सम्पत्तिसम्बन्धी हक संरक्षण र प्रचलनका सम्बन्धमा पारिवारिक कानूनका व्यवस्थाहरू समयसापेक्ष समायोजित हुनुपर्ने ।

निवेदनमा उठाइएकमा सार्वजनिक सरोकारका विषयहरूका कानून निर्माणका सम्बन्धमा विचार पुऱ्याउनु भनी विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतका नाउँमा निर्देशनात्मक आदेश जारी हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम् ।

१२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** ०६५-WO-००१२, उत्प्रेषण परमादेशसमेत, भीमदेवी मगर्नी वि. तिलकुमारी थापासमेत

शुरू रूपन्देही जिल्ला अदालत तहसिल शाखाबाट मिति २०६४।५।१९ को पञ्चकृर्ते मूल्याङ्कन मुचुल्का र सोउपर परेको उजूरीमा जिल्ला अदातल तथा पुनरावेदन अदालतबाट भएको आदेशमा कुनै कानूनी त्रुटि नदेखिएको र विपक्षीहरूले रकम बुझेर घरजग्गा फिर्ता बुझाउने प्रतिवद्धता व्यक्त गरी यस अदालतमा लिखित जवाफ पेश गरेको देखिएकोले विपक्षीहरूले चलनपूर्जी प्राप्त गर्नुपूर्व निवेदकले बिगो रकम बुझाएमा मुद्दाका पक्षहरू बीच मेलमिलाप हुनसक्ने अवस्थासमेत देखिँदा फैसला कार्यान्वयनको सिलसिलामा शुरू जिल्ला अदालतको तहसील शाखाबाट भएको लिलाम मुचुल्कालाई कार्यविधि एवं सारवान कानूनको गम्भीर त्रुटिको अभावमा यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोग गरी बदर गर्ने कुनै युक्तियुक्त आधार कारण नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल मंसिर १७ गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६५-WO-००१३, उत्प्रेषण परमादेशसमेत, भीमदेवी मगर्नी वि. तिलकुमारी थापासमेत भएको मुद्दामा पनि यसैअनुसार निर्णय भएको छ ।

१३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६७-CI-००१३, खिचोला मेटाई चलन चलाइपाऊँ, *मनकर्णी थापा वि. रणबहादुर घिमिरे समेत*

वादीले दावीको घरजग्गा आफ्नो नाममा दर्ता भए पनि सो जग्गा प्रतिवादीले कुन तर्फबाट खिचोला गरेको हुन् भनी फिरादपत्रमा स्पष्ट दावी लिन सकेको पाइँदैन । साथै प्रतिवादीले घरजग्गा खिचोला गरेको भनी आफ्ना साक्षी अदालतसमक्ष प्रस्तुत गरी बकपत्र गराउनसमेत वादीले सकेको देखिएन । प्रतिवादीमध्येकी सत्यदेवी आफ्नो बुहारी नाता सम्बन्ध नपर्ने भन्ने वादीको कथन रही नातामा विवाद खडा गरेको र विपक्षी सत्यदेवीको जन्मदर्ता, विवाहदर्ता, नागरिकता प्रमाणपत्र समेतको बदरको

लागि लोकबहादुर थापाले जाहेरी दर्खास्त दिएको भन्ने पुनरावेदकको जिकीर रहे तापनि सो नाता सम्बन्धको विषयमा आधिकारिक निकायबाट यो यस्तो निर्णय भएको भनी उल्लेख गर्न सकेको पाइँदैन । वादी र प्रतिवादी सत्यदेवीसँग नाता सम्बन्धमा विवाद रहेको भन्ने देखिएको परिप्रेक्ष्यमा बुहारी नाताको भनी निज प्रतिवादी घरमा बसोबास गरेको विषयलाई खिचोला गरेको भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६४-CR-०६५२, २०६६-CR-०१७९, २०६८-CR-०६८९, यातना विरुद्ध क्षतिपूर्ति, *करवीर सिंह साहू वि. टीकाराम अधिकारीसमेत, टीकाराम अधिकारी वि. करवीर सिंह साहू, अशोककुमार साह वि. कसरवीर सिंह साहू*

कुनै पनि अपराधको सम्बन्धमा अनुसन्धान गरी अभियोजन गर्ने पक्ष र अभियोग पेश भएपछि मुद्दा हेर्ने अधिकारीको काम कर्तव्य र अधिकारको दायरा फरकफरक रहन्छन् । मुद्दामा अनुसन्धान गर्ने प्रतिवादीमध्येको अशोककुमार साह रेञ्जर भएको र मुद्दा हेर्ने अधिकारी प्रमुख संरक्षण अधिकृत पनि सोही कार्यालयको भएकोले एउटै कार्यालयसँग अन्तरसम्बन्धित पदाधिकारी रहेको कारणबाट एकले गरेको कार्यको परिणामको लागि अर्कोलाई जिम्मेवार ठहऱ्याउनु सर्वथा अनुचित हुन जानुका साथै कानूनका दृष्टिले न्यायसंगत् हुन नसक्ने ।

प्रत्येक राष्ट्रसेवक कर्मचारीलाई ऐन, कानून, नियमद्वारा प्रदत्त गरिएका काम, कर्तव्य र अधिकारको सीमाभित्र रही जिम्मेवारीपूर्वक आफ्नो पदीय दायित्वको निर्वाह गर्नुपर्ने हुन्छ । यदि कसैले सोको बर्खिलाप काम गर्दछ भने सोही पदाधिकारीले दण्डको दायित्व बहन गर्नुपर्ने ।

प्रतिवादीमध्येका टीकाराम अधिकारीले वादी हिरासतमा रहँदाको अवस्थामा यातना दिँदा यसप्रकारको भूमिका रहेको भनी सबूद प्रमाणद्वारा पुष्टि गर्न नसकेको अवस्थामा निजबाट समेत क्षतिपूर्ति भराउने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट भएको फैसला निजका हकमा सो हदसम्म मिलेको नदेखिने ।

हिरासतमा रहनु पूर्व वादीको शरीरमा घाउचोट लागेको भन्ने थुनुवा पूर्जीसमेतका मिसिल संलग्न कागजातबाट नदेखिएकोमा हिरासतको अवधिमा वादीको शरीरमा चोट लागेको देखिँदा क्षतिपूर्ति भराउने गरेको हदसम्म शुरू जिल्ला अदालत एवं पुनरावेदन अदातल, महेन्द्रनगरको फैसलालाई अन्यथा भनी मान्न मिल्ने नदेखिने ।

यातना पाएको प्रमाणित भएको अवस्थामा क्षतिपूर्तिको रकमको यातनासम्बन्धी क्षतिपूर्ति ऐनको दफा ५ बमोजिम नेपाल सरकारबाट पीडितले पाउने कानूनी व्यवस्था रहेको र वादीको दावी पनि सोही मुताविक भएकोमा पुनरावेदक प्रतिवादीहरूबाट जनही रू. १०,०००।- भराउने ठहऱ्याएको पुनरावेदनको फैसला सो हदसम्म मिलेको देखिएन । यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ को दफा ८ ले निर्धारण गरेका आधारबमोजिम प्रस्तुत घटनाको प्रकृति एवं अवस्था, पीडितलाई पुग्न गएको शारीरिक अशक्तता समेतलाई मध्यनजर राख्दा रू. ५०,०००।- (अक्षरूपी पचास हजार) नेपाल सरकारबाट क्षतिपूर्तिबापत वादीले भरी पाउने ।

वादी करवीर सिंह साहूलाई शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षणभित्रको काठ चोरी मुद्दामा अनुसन्धाको क्रममा हिरासतमा रहेको अवस्थामा शारीरिक यातना दिएको महाकाली अञ्चल अस्पतालको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पुष्टि भएको अवस्थामा निजलाई क्षतिपूर्ति भराउनु पर्ने ।

वादीलाई भराउनै पर्ने क्षतिपूर्तिको रकम सम्बन्धमा घटनाको प्रकृति, पीडितको शारीरिक अवस्था समेतलाई मध्यनजर राख्दा रू. ५०,०००।- यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ बमोजिम नेपाल सरकारबाट भराउनु पर्नेमा पुनरावेदक प्रतिवादीहरूबाट जनही रू. १०,०००।- का दरले भराउने गरेको पुनरावेदन अदालत, महेन्द्रनगरबाट

भएको मिति २०६४।१०।२९ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ।

पुनरावेदक प्रतिवादी टीकाराम अधिकारीको हकमा वादीलाई हिरासतमा रहँदा यातना दिनमा कुनै भूमिका रहेको मिसिल संलग्न प्रमाणबाट नदेखिनुका साथै वादीले निजकोसमेत संलग्ना रहेको भनी प्रमाण प्रस्तुत गरी दावी पुष्टि गर्न नसकेको अवस्थामा निजको हकमा वादीको दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल मंसिर १२ गते रोज ३ शुभम् ।

१५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६८-CR-१३८५, काठचोरी, *करवीर सिंह साहू वि. नेपाल सरकार*

पुनरावेदन अदालतबाट सजाय ठहर भएका अन्य प्रतिवादीहरू मानबहादुर साहू, कालु दमाई, टीकाराम चौधरी र विन्दर चौधरीले पुनरावेदन नगरी अदालतबाट भएको फैसलालाई स्वीकार गरी बसेकाले निजहरूको हकमा केही बोलिरहनु परेन । पुनरावेदक प्रतिवादीको घरको अगाडिपट्टिको पोखरीबाट सालको काठ गोलिया थान-२ बरामद भएको तथ्यमा विवाद देखिँदैन । प्रतिवादीले बयान गर्दा बरामद सालको काठ गोलिया-२ मेरो घर नजिकको सालको रूख हावाले हानी ढलेकोले आराले काटी राखेको हो । सालको काठ काट्नु हुँदैन भन्ने ऐन नियमको जानकारी थिएन भनी शुरू शुक्लाफाँटा वन्यजन्तु आरक्षण कार्यालयमा बयान गर्दा उल्लेख गरेकोमा निज प्रतिवादीको बयानसँग मिलान हुने गरी अर्का प्रतिवादी मानबहादुर साहूले समेत बयान गरेको पाइन्छ । आफूले कसूर नगरेको वा कसूरजन्य कार्य नभएको भन्ने कुराको जिकीर प्रतिवादीले नलिई ऐन नियमको थाहा नहुँदा जानकारी नगराई आफ्नो प्रयोगको लागि सालको काठ काटेको भन्ने रहेको देखियो । कानूनको जानकारी सबै व्यक्तिले राख्नु पर्छ, कानूनको ज्ञान थिएन भनेर आफूले गरेको आपराधिक कार्यबाट कसैले पनि उन्मुक्ति पाउन सक्दैन । कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने न्यायको मान्य सिद्धान्तको आशय पनि यही हो । प्रतिवादीद्वारा काटिएका सालको काठ बरामद भएको निजद्वारा काटिएको तथ्यमा विवाद नरहेकोमा आफूले सालको काठ काट्दा कसूरजन्य कार्य हुन्छ भन्ने जानकारी नभएकोले अज्ञानतावश आफूबाट सो कार्य हुन गएको भन्ने जिकीरको आधारमा प्रचलित कानूनबमोजिमको कसूरजन्य कार्यबाट उन्मुक्ति पाउने अवस्था नदेखिँदा प्रतिवादी करवीर सिंह साहूले शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षभित्रको सालको काठ काटी कसूरजन्य कार्य गरेको अभियोगमा सजाय हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुङ्गाना

इति संवत् २०६९ साल मंसिर १२ गते रोज ३ शुभम् ।

१६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६०-CI-९२९२, जग्गा खिचोला, *नेपाल कुष्ठरोग निवारण संघ, महाराजगञ्ज, काठमाडौं वि. मु.स. गर्ने तुलसीमाया सिलाकारसमेत*

कि.नं. ६३ को जग्गाो मोही मारवाडी विद्यालय रहेको भनी २०२१ सालमा जग्गाको नापी हुँदा जनिएको व्यहोरालाई वादीले मौकामा अन्यथा भन्न सकेको नदेखिनुका साथै विद्यालय मोही हुन नसक्ने भनी फिरादमा दावी लिन सकेको समेत पाइँदैन । प्रतिवादी मारवाडी विद्यालयले भूमिसम्बन्धी ऐन, २०२१ लागू हुनुभन्दा अगाडिको तत्कालीन भूमिसम्बन्धी ऐन, २०१४ को अधीनमा रही मिति २०१८।४।१२ मा मोहियानी घरजग्गा खरीद गरेको प्रतिवादीको जिकीरका सम्बन्धमा वादीले अन्यथा भन्न सकेको देखिएन । साविकको भूमिसम्बन्धी ऐन, २०१४ बमोजिम प्रतिवादी मारवाडी विद्यालयले घरजग्गाको मोहीयानी हक खरीद गरी लिएको देखिई सोही हकको निरन्तरतास्वरूप नापी हुँदासमेत उक्त जग्गाको मोही जनिई स्रेस्ता कायम भैरहेको अवस्थामा विद्यालय मोही हुन सक्ने ।

कि.नं. ६३ को जग्गाको स्रेस्ताबाट मारवाडी विद्यालय मोही कायम भएको देखिएको, मोही रहेको तथ्यलाई स्वयं वादीले फिरादमा स्वीकार गरेको, विद्यालयकै भोगमा जग्गा रहेको देखिएको अवस्थामा मोही लागेको उक्त जग्गाको हैसियत बिगारी जग्गाको मोल उब्जा घट्ने के कस्तो कार्य प्रतिवादीबाट हुन

गएको हो, वादीले वस्तुनिष्ठ सबूद प्रमाण प्रस्तुत गरी पुष्टि गर्न सकेको पाइएन। मोही लागेको जग्गामा प्रतिवादी मारवाडी विद्यालयले जग्गाको हैसियत बिगारेको भन्ने आधारभूत प्रमाणको अभावमा नक्सा नम्बर ७ मा उल्लिखित घर र घरले चर्चेको जग्गा बाहेक नं. ७ को बाँकी जग्गाबाट प्रतिवादी मारवाडी विद्यालयलाई मोहीबाट निष्काशन गर्ने गरी भएको पुनरावेदनको फैसला न्यायोचित् नदेखिने।

प्रतिवादी नेपाल कुष्ठरोग निवारण संघले कानूनबमोजिम २०४४ सालमा नक्सा पास गरी २०४५ सालमा घर निर्माण गरेको प्रमाणबाट पुष्टि भएको अवस्थामा जग्गाको मोही मारवाडी विद्यालयले जग्गाको हैसियत बिगारी उब्जा मोल घट्ने काम गरेको भनी लिएको दावी प्रमाण प्रस्तुत गरी वादीले पुष्टि गर्न नसकेको अवस्थामा कि.नं. ६३ को नक्सा नं. ७ को घर र घरले चर्चेको जग्गा बाहेकको जग्गामा प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याई मारवाडी विद्यालयलाई उक्त जग्गाको मोहीबाट निष्काशन हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, पाटनको मिति २०६०।५।१ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भै वादीको दावी पुग्न नसक्ने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६८ साल पुस ६ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६-CI-११३४, ११३७, घरबाट उठाई चलन चलाईपाऊँ, *मु.स. गर्ने तुलसीमाया सिलाकारसमेत वि. नेपाल कुष्ठरोग निवारण संघ, महाराजगञ्ज, काठमाडौं, मु.स. गर्ने शरदकुमार स्थापितसमेत वि. नेपाल कुष्ठरोग निवारण संघ, महाराजगञ्ज, काठमाडौं*
- २०६६-CI-११३८, निर्णय बदर हक कायमसमेत, *मारवाडी सेवा समिति, नेपालको तर्फबाट श्यामसुन्दर घिरैया वि. रामप्रसाद पोखरेल*

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६५-CR-०५६०, जालसाज, *मु.स. गर्ने जयलाल मानन्धर वि. सुरेन्द्रकुमार मानन्धरसमेत*

जुन फैसलाका सम्बन्धमा प्रस्तुत मुद्दा परेको छ सो मुद्दा भूमिसुधार कार्यालयबाट फैसला भएको मोहीसम्बन्धी विषयको मुद्दा भएको र कि.नं. १५७ र १६२ को जग्गामा मोही दीपलालको नाम कट्टा गरी नथुनी मुखिया बिनको नाम मोहीमा कायम भएको देखिने।

भूमिसुधार कार्यालयबाट भएको मिति २०५६।९।५ को निर्णयबाट जग्गाधनीको हक जाने भएको वा कुनै तरहसँग नोक्सान पर्ने अवस्था नदेखिएको र दीपलालको सट्टामा नथुनी मुखिया मोही कायम गरिएको सो निर्णय बदरमा दीपलालले दिएको फैसला बदर मुद्दामा तारिख छाडी डिसमिससमेत भएको देखिँदा जग्गाधनीको हकमा नोक्सान पर्ने नदेखिएको अवस्थामा प्रतिवादीहरू उपरको जालसाजीको दावी पुग्न नसक्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६९ साल कात्तिक २६ गते रोज १ शुभम्।

- यसै प्रकृतिको २०६५-CR-०५६१, जालसाज, *मु.स. गर्ने जयलाल मानन्धरसमेत वि. मु.स. गर्ने अच्छेलाल मुखिया विन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** २०६५-WO-०४९२, उत्प्रेषणयुक्त परमादेशसमेत, *हरेन्द्र मुखिया वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गालसमेत*

गुठी संस्थान र यी निवेदकबीच भएको सम्झौताद्वारा सिर्जित हक विपक्षीको निर्णयबाट हनन्

भई यी निवेदकलाई असर परेको भए वैकल्पिक उपचारको मार्ग अवलम्बन गर्नसक्ने व्यवस्था करार ऐन, २०५६ ले यी निवेदकलाई प्रदान गरिरहेको देखिँदादेखिँदै सो कानूनी उपचारको मार्ग अवलम्बन नगरी यी निवेदक प्रस्तुत रिट लिई यस अदालतमा प्रवेश गरेको पाइन्छ । कानूनमा व्यवस्थित वैकल्पिक उपचारको मार्ग अपर्याप्त वा प्रभावहीन रहेको भन्ने निवेदकले रिटमा उल्लेख गरेको छैन । सो वैकल्पिक मार्ग प्रभावहीन भएको भनी तर्कसंगत, वस्तुनिष्ठ एवं सन्तोषजनक कारणसमेत रिटमा उल्लेख गर्न नसकेकोले दुई पक्षबीच भएको सम्झौताद्वारा सिर्जित करारीय दायित्व पूरा गरिपाऊँ भनी रिटक्षेत्र ग्रहण गरी अदालतमा प्रवेश गर्न नमिल्ने हुँदा प्रस्तुत रिट खारेज हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल मंसिर २३ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CI-०४३२, मोही लगत कट्टा, *मचिन्द्रबहादुर लिम्बू वि. मु.स. गर्ने गोविन्दबहादुर बुढाथोकी*

वादीले दावी गरेबमोजिम मोहीले जग्गा छोडी भागे वा बेपत्ता भएको पनि नदेखिएको, कुत नबुझाएको अवस्था पनि नदेखिएको हुँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१)(ग) को अवस्था आकर्षित हुने अवस्था नदेखिँदा मोही लगत कट्टा गर्ने गरी भएको भूमिसुधार कार्यालय, मोरङको निर्णय उल्टी भै मोही लगत कट्टा गरिपाऊँ भन्ने वादी दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०६९ साल मंसिर २९ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको २०६७-CI-०४३१, मोही लगत कट्टा, *पूर्णबहादुर लिम्बू वि. मु.स. गर्ने गोविन्दबहादुर बुढाथोकी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-WH-००८५, बन्दीप्रत्यक्षीकरण, *प्रकाश लिम्बूको हकमा युवराज न्यौपाने वि. काठमाडौं जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत*

दुई फरकफरक वारदात घटनामा निजको संलग्नता रहेको भन्ने आधारमा दुई छुट्टाछुट्टै ऐनको बर्खिलाप कसूर गरेको देखिएको अवस्थामा दुईवटा मुद्दा चल्न नसक्ने भन्ने हुँदैन । यस्तो अवस्थामा मुद्दा चलाइएको विषयलाई दुई खतराको सिद्धान्तविपरीतको कारवाही भन्न नमिल्ने ।

विष्फोटक पदार्थसम्बन्धी कसूरको वारदातमा काठमाडौं जिल्ला अदालतमा दायर भएको मुद्दामा धरौट बुझाई तारिखमा रही पुर्पक्ष गरिरहेको भन्ने आधारले मात्रै पुनः अर्कै मितिमा घटाइएको कसूर वारदातका सम्बन्धमा अनुसन्धान नै गर्न नपाउने भन्न मिल्दैन । यसरी निज प्रकाश लिम्बूउपर एउटै वारदातअन्तर्गतको एउटै कसूरमा दुई पटक मुद्दा चलाउन लागेको अवस्था मिसिल संलग्न घटनास्थल एवं बरामदी मुचुल्कासमेतबाट नदेखिँदा विपक्षीहरूको कार्यले संविधानको धारा २४(६) बमोजिम निवेदकलाई प्राप्त दोहोरो खतरा विरुद्धको मौलिक हकमा आघात परेको भन्न नमिल्ने हुँदा थुनामा रहेका प्रकाश लिम्बूउपर विष्फोटक पदार्थ ऐन, २०१८ बमोजिमको कसूरमा काठमाडौं जिल्ला अदालतमा मुद्दा चलिरहेको र पुनः हातहतियार खरखजाना ऐन, २०१९ बमोजिमको कसूरमा निजको संलग्नता रहेको पाइएको भनी अनुसन्धानको सिलसिलामा निजलाई अधिकारप्राप्त अधिकारीको अनुमतिले थुनामा राखिएको देखिँदा निजका विरुद्ध एकै वारदातको कसूरमा दुई पटक मुद्दा चलाउन लागिएको अवस्था नदेखिई कानूनबमोजिम नै मुद्दाको अनुसन्धानार्थ थुनामा रहेको देखिँदा संविधानको धारा २४(६) बमोजिमको अवस्था विद्यमान रहेको नहुँदा निवेदकको

मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः बाबुराम सुवेदी

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल असार २९ गते रोज ६ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा. न्या.श्री प्रकाश वस्ती,** ०६४-CI-०८९६, दर्ता बदर दर्ता, *भोली धुरझार यादव वि.सुवोध झासमेत*

सुकुम्बासी समस्या समाधान आयोगको गठन, काम कर्तव्य र अधिकारसम्बन्धी कार्यनीति २०५६ अनुसार नेपाल सरकारको नाममा दर्ता रहेको जग्गा सुकुम्बासीलाई वितरण वा अव्यवस्थित बसोवासीलाई बिक्री गर्न पाउने अधिकार सुकुम्बासी समस्या समाधान आयोगलाई भएको देखिन्छ । तर प्रचलित कानूनबमोजिम कायम रहेको सार्वजनिक जग्गा, वन क्षेत्रको जग्गा र नापी नक्सामा बाटो जनिएको जग्गाहरू आयोगलाई वितरण गर्न रोक लगाएको पाइन्छ । जग्गा नापजाँच ऐन, २०१९ को दफा २(ङ) मा सरकारी जग्गा भन्नाले सडक, रेल्वे, सरकारी घर, अड्डा र जनताप्रति कुनै दायीत्व नरहने श्री ५ को सरकारको अधिनस्त वन, जङ्गल, खोला, नाला समेतलाई जनाउँछ" भनी परिभाषित गरिएको छ । त्यसैगरी सोही ऐनको दफा २ (च) मा सार्वजनिक जग्गा भन्नाले कुनै व्यक्ति वा परिवार मात्रको नभै सबैले सार्वजनिक रूपमा उपयोग गर्न पाउने बाटो, गौचर, ताल, मसानघाट अरू यस्तै जग्गालाई सम्झनु पर्छ तथा कुनै व्यक्तिले आफ्नो जग्गामा खनेको पोखरी वा बनाएको मन्दिर वा धर्मशाला सार्वजनिक प्रयोगमा ल्याउने विचारले मालपोत लगत कट्टा गराई सकेको भए त्यस्तो पोखरी, मन्दिर वा धर्मशालासमेतलाई जनाउँछ भनी परिभाषा गरिएको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाबाट विवादित कि.नं. ७१ को जग्गा सार्वजनिक पोखरी रहेको र सरकारी जग्गाअन्तर्गत नपरेको पुष्टि भैरहेको छ । शेरबहादुर थिङ विरुद्ध प्रमे दोर्जे लामा भएको मुद्दामा ( *नेकाप* २०६२, अङ्क ११ नि.नं. ७६२२ पृष्ठ १३९१ )सुकुम्बासी समस्या समाधान आयोगलाई सार्वजनिक प्रकृतिको चिहान डाँडाको जग्गा सुकुम्बासीलाई वितरण गर्न पाउने अधिकार प्रत्यायोजन भएको समेत नदेखिएको अवस्थामा सो आयोगले वितरण गर्न नपाउने किसिमको विवादित सार्वजनिक जग्गालाई पनि अधिकार नै नपाएको अधिकार ग्रहण गरी वितरण गरेको मिलेको नदेखिने भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । यस्तो जग्गा, मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) र (२) अनुसार दर्ता नै गर्न, गराउन नमिल्ने र व्यक्तिको नाममा दर्ता गरे, गराएको भए पनि स्वतः बदर हुने भनी स्पष्ट कानूनी व्यवस्थाको प्रतिकूल सुकुम्बासी समस्या समाधान आयोगले सार्वजनिक पोखरीको जग्गा वितरण गरेको कार्य कानूनप्रतिकूल देखिई दर्ता बदर गरेको शुरू जिल्ला अदालतको निर्णय कानूनसम्मत् नै देखिँदा आयोगको निर्णयबाट प्रतिवादीहरूको नाउँमा भएको दर्ता नै बदर माग गरिसकेपछि आयोगको निर्णयलाई चुनौती दिएकै मान्नु पर्दछ । यसरी प्रतिवादीहरूको नाउँको दर्ता नै बदर माग गरिसकेपछि फिरादपत्रमा सो दर्ता हुँदाको सबै प्रक्रियाहरू उल्लेख नभएकै आधारमा आयोगको निर्णय बदर माग नगरेको भनी पुनरावेदन अदालतबाट लिइएको निर्णयाधार कानूनसम्मत नदेखिँदा सुकुम्बासी समस्या समाधान आयोगले आफ्नो अधिकारक्षेत्र भन्दा बाहिर गई सार्वजनिक पोखरीको जग्गा सुकुम्बासीलाई वितरण गरेको कार्य त्रुटिपूर्ण देखिँदा प्रतिवादीहरुको नाउँको दर्ता बदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६९ साल असोज १६ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-CI-१०१६, अंश, *बुद्धिकुमारी गुरुङ वि. सन्तोष गुरुङ*

हालैको बकसपत्र भन्ने र राजीनामा भन्ने कुरा स्वभावैले हक हस्तान्तरण गर्नेसम्बन्धी भिन्नभिन्न किसिमका तरीकाहरू हुन् । यी तरीकामध्ये एउटा तरीकाको लिखतबाट अर्को लिखतको प्रयोजन हासिल हुन सक्तैन । जग्गा जमिन जस्तो अचल सम्पत्ति हक हस्तान्तरण गरी लिँदा दिँदा रकम तिरी खरीद गरी लिइन्छ भने सोको सम्बन्धमा राजीनामाको लिखत खडा गरिन्छ र कसैलाई सेवा टहल गरी

रिझाएबापतमा कुनै मूल्य नलिई अचल सम्पत्ति हक हस्तान्तरण गरी सोको प्रमाणस्वरूप खडा गरिने कागजलाई बकसपत्रको लिखत भनिन्छ। कसैबाट निजी तवरले दान वा बकस पाई बकसपत्रको लिखत गरी हक हस्तान्तरण गरी दिएको अचल सम्पत्ति पाउनेको निजी सम्पत्ति हुने भै कसैलाई अंशबण्डा गरी दिन कर नलाग्ने भनी अंशबण्डाको १८ नं. ले स्पष्ट व्यवस्था गरेको देखिन्छ। उक्त कानूनी व्यवस्थाले त्यस्तो बकसबाट पाएको सम्पत्तिलाई अंशबण्डा गर्ने सम्पत्तिबाट बाहेक गरेको देखिने।

रजिष्ट्रेशन गर्ने प्रयोजनार्थ नगद लिएको कुरा लेखिएको भन्ने कुरालाई मात्र आधार मानी दातालाई सहयोग गरी खुशी तुल्याई जग्गा बकस पाएको अस्तित्वलाई अनदेखा गरी त्यसरी पाएको जग्गालाई खरीद गरी लिएको भन्ने अर्थ गरी उक्त जग्गा बण्डा लाग्ने सम्पत्ति हो भनी निष्कर्षमा पुग्नसमेत मिल्दैन। बकसपत्र दिइने कारणतर्फ हेर्दा पनि यो मूल्य बेगरै दिइने र त्यस्तो प्राप्त गर्नेले पनि निजी रूपमा प्रयोग गर्न पाउने हुन्छ। साथै यस्तो सम्पत्ति अंशियारहरू बीच बण्डासमेत नलाग्ने हुँदा प्रतिवादी बुद्धिकुमारी गुरुङले बकसबाट पाएको कि.नं. ४०८७ र ४०८९ का जग्गा र सोमा बनेको घर बण्डा नलाग्ने।

अचल सम्पत्तिको हक हस्तान्तरण गर्ने विभिन्न प्रक्रियाहरूमध्ये आफ्नो हकभोग भएको घर जग्गा आदि बिक्री गरी हक छोडी दिएको प्रमाणस्वरूप गरिने लिखतलाई राजीनामाको लिखत भनिने र मूल्य बेगरै कसैले कसैलाई सेवा टहल गरेबापत वा घर व्यवहारमा सरसहयोग पुऱ्याएबापत वा बकस पाउनेको शीलस्वभावबाट खुशी भएको कारणबाट घरजग्गा आदि अचल सम्पत्ति बक्सिस दिएर त्यसको प्रमाणस्वरूप लेखिदिने लिखतलाई बकसपत्र भनिन्छ। दुबैको उत्पत्ति र प्रयोजनसमेत फरकफरक रहेको हुन्छ। बकस दिइने सम्पत्ति मूल्य बेगरै दिइने प्रचलन रही आएको छ। बकसपत्रलाई मुलुकी ऐन, रजिष्ट्रेशनको १ नं. अनुसार रजिष्ट्रेशन गर्नुपर्ने अनिवार्य कानूनी व्यवस्था गरेको र रजिष्ट्रेशन गर्दा बुझाउनुपर्ने राजश्व रकम निर्धारण गर्ने प्रयोजनार्थ मूल्य उल्लेख गरी त्यस्तो लिखत रजिष्ट्रेशन गर्ने गरिएको प्रचलन देखिने।

राजीनामा र बकसपत्रको उद्देश्य र प्रयोजनसमेत फरकफरक रहेको र दुबैको प्राप्तिको तरिकासमेत फरक रहेको सन्दर्भमा फरकफरक प्रकृतिका दुबै लिखतलाई रजिष्ट्रेशन पारीत गर्ने सन्दर्भमा हालसम्म पनि फरकफरक ढाँचा निर्धारण गरी प्रयोगमा ल्याउन सकिएको पाइँदैन। जनसाधारणको सम्पत्ति भोग चलन गर्ने साम्पत्तिक अधिकारमा कानूनी जटिलता र द्विविधा सिर्जना गर्ने गरेको देखिन्छ। यस्तो भ्रमयुक्त र द्विविधाजनक व्यवस्थाको समाधान नखोज्ने हो भने बकसपत्रबाट सम्पत्ति प्राप्त गर्दाको परिमाणमा पनि जहिलेसुकै अस्पष्टता कायम रही नै रहने यथार्थतालाई नकार्न सकिँदैन। त्यसैले यस्ता जनसाधारणसँग प्रत्यक्ष सरोकार राख्ने सम्पत्तिको अधिकारको प्रमाणका रूपमा रहने राजीनामा र बकसपत्र लिखतलाई रजिष्ट्रेशन पारीत गर्ने प्रयोजनको लागि भिन्नभिन्न ढाँचा प्रयोगमा ल्याउनु भनी मालपोत विभागका नाममा निर्देशात्मक आदेश जारी हुने।

इजलास अधिकृतः बाबुराम सुवेदी
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल असार २७ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** ०६७-WO-११९८, उत्प्रेषणसमेत, *दीपेन्द्र झा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

एकै जरियाबाट शुरू हुने प्रश्नमा सरोकारवाला बाहेकका अन्य निवेदकहरूले निवेदनमाथि निवेदन थप गरी शृङ्खला बाँधी न्यायलाई अन्तहीन प्रक्रियामा लैजान मनासिब नहुने।

कसूरमा संलग्न भएको अवस्थामा जुनसुकै तहमा बहाल रहे भए पनि फौजदारी कानूनबमोजिम अपराध अनुसन्धान गर्नुपर्ने र सो हुनसक्ने नै देखिन्छ। कोही व्यक्ति कुनै पदमा बहाल रहेकै कारणले मात्रै अपराध अनुसन्धान हुन नसक्ने

देखिँदैन। त्यसैले बढुवालाई कसूरको दायित्वबाट मुक्तिको रूपमा लिन नमिल्ने।

मानव अधिकार उल्लङ्घनको घटना एउटा गम्भीर र संवेदनशील कुरा हो। त्यस्तो घटनालाई कानूनको घेराभित्र ल्याउन र न्यायको अन्तिम बिन्दुसम्म शीघ्रातीशीघ्र पुऱ्याउनु राज्य र सबैको कर्तव्य हुन्छ। मानव अधिकारको उल्लङ्घनको घटनाबाट पीडितालाई न्याय र राहत दिनुपर्ने हुन्छ भने त्यस्तो मानव अधिकार उल्लङ्घनको घटनाको न्याय निरोपण गर्दा प्रचलित संविधान, ऐन, कानून र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानून तथा सिद्धान्तको आधारभूत मूल्य मान्यताको कतै पनि उल्लङ्घन नगर्ने कुराको प्रत्याभूति सुनिश्चित् गर्नुपर्ने हुन्छ। मानवअधिकारको उल्लङ्घनका हरेक घटनाहरूमा समयमा नै र प्रभावकारी अनुसन्धानदेखि न्यायिक प्रक्रियाबाट टुंगोमा पुऱ्याउने चेष्टा गर्नु राज्यको हरेक अङ्गको अविभाज्य उत्तरदायित्व बन्दछ। कानूनबमोजिम गर्नुपर्ने कार्य नगर्ने वा नगर्नुपर्ने कार्य गरेमा वा गर्न दिइरहेमा तथा त्यसबाट मानव अधिकार जस्तो प्रश्नमा प्रभावित हुन दिइरहेमा मानव अधिकार उल्लङ्घन वा अमुक घटनाले अन्य हकहरूको उल्लङ्घनको शृङ्खला बाँध्न सक्दछ र मानव अधिकार संरक्षणको संस्कृतिको उपेक्षा मानवअधिकार उल्लङ्घनको संस्कृति निर्माण हुने भय रहन्छ। मानव अधिकार उल्लङ्घन गर्नेहरू भनेका व्यक्तिहरूमा दण्डहीनताको अनुभूति जागृत हुनसक्दछ र त्यस भयबाट अवाञ्छित कार्य हुन सक्दछ भने मानव अधिकार उल्लङ्घनको घटनाबाट पीडित व्यक्तिले भने कानूनी उपचार र न्यायको अनुभूतिको अभावमा आफ्नो हक अधिकार उपभोग गर्ने कुरा त परै जाओस् आफ्नो व्यक्तिगत सुरक्षासमेतको कुरामा असुरक्षित महसूस गरी स्वतन्त्रताको शिकार हुनसक्छ। यस्तो सामाजिक मनोविज्ञानको विकास हुन दिएमा समाजको समग्र स्वास्थ्य र विकास प्रभावित हुने खतरा रहन्छ। त्यसैले मानवअधिकार उल्लङ्घनको सानो वा ठूलो जुनसुकै आरोप वा गुनासोको मौकामा नै समुचित सम्बोधन हुन अनिवार्य देखिन्छ। अन्यथा पीडितको असहायपनको त के कुरा स्वयं मानवअधिकार उल्लङ्घनकर्ताको रूपमा आरोपित व्यक्तिहरूले पनि सफाइको उचित अवसर पाउन नसकी विभिन्न लाञ्छना र त्यसका दुष्परिणामहरू भोग्न बाध्य हुन पुग्छ। यस्तो अवस्था कसैको लागि पनि वाञ्छनीय हुन नसक्ने।

राज्यको सत्ता प्रयोग गर्ने महत्त्वपूर्ण अङ्गहरूमा काम गर्नेहरू संविधान, प्रचलित ऐन, कानून र मानव अधिकारप्रति आस्थावान् हुनैपर्ने हुन्छ। निजहरूको अभिलेखबाट कानूनको उल्लङ्घनको इतिहास भए नभएको, निजहरूउपर लगाइएको आरोपित र प्रमाणित कार्यको गम्भीरता, पीडितको न्यायमा पहुँचको स्थिति, उपलब्ध प्रमाणको मूल्याङ्कन आदि कुराहरूको विचार गरी सार्वजनिक पदमा रहेका जिम्मेवार व्यक्तिहरूलाई अझ खास गरी देशको शान्ति सुरक्षा तथा अमनचयन कायम राख्न जिम्मेवारी तोकिएका सुरक्षाकर्मी तथा प्रशासकीय अधिकारीहरूको लागि सार्वजनिक जवाफदेहीता विचार गरेर र निजहरूबाट मानव अधिकार उल्लङ्घन हुन नसक्ने सुनिश्चिततासहित त्यस्तो जिम्मेवारी तोक्न वाञ्छनीय हुने।

निवेदकले विवादित बढुवाको विषयसँग आफ्नो कुनै सार्थक सम्बन्ध बिना र पीडितको प्रतिनिधित्व पनि गरेको नदेखिएको अवस्थामा प्रस्तुत रिट निवेदन दायर गरेको देखिएको र यस अदालतले विवादित विषयमा सार्थक सरोकार नरहेको व्यक्तिलाई निवेदन दिने हकदैयालाई स्थापित गर्नसमेत नमिल्ने र यस्तो प्रवृत्तिलाई बढावा दिनसमेत नमिल्ने हुनाले तथा विपक्षी कुवेर सिंह राना प्रचलित कानूनबमोजिम बढुवा हुन अयोग्य नदेखिएको भै निजको भैसकेको बढुवा बदर गर्न नमिल्ने हुँदा निजको बढुवा बदर हुने ठहर्दैन। बढुवा बदरतर्फको हदसम्म निवेदकहरूको निवेदन दावी पुग्न नसक्ने हुँदा खारेज हुने।

मानव अधिकारको उल्लङ्घन भविष्यसम्म हुन नदिन निरोधात्मक रूपमा त्यस्तो आधारमा व्यक्तिको उपयुक्तताको परीक्षण गरी नियुक्ति गर्ने, पदस्थापना गर्ने, स्थानान्तरण गर्ने वा बढुवा गर्ने वा नगर्ने कुराको निर्णय गर्नुपर्ने हुन्छ। विगतको मानव अधिकार उल्लङ्घनको घटनामा संलग्न भए नभएको र मानव अधिकार एवं कानूनी राज्यमा आस्था भए नभएको नहेरी कुनै सार्वजनिक उत्तरदायित्व वहन गर्ने व्यक्तिलाई

राज्यसत्ताको उपयोग गर्ने किसिमको खास जिम्मेवारी दिँदा राज्य र सर्वसाधारण थप संकटमा पर्नसक्ने हुनाले संक्रमणकालीन न्यायको व्यवस्था गर्न र खासगरी सार्वजनिक पदमा नियुक्ति तथा बढुवालगायतका अन्य कारवाही गर्दा उपरोक्तबमोजिम जिम्मेवारी दिन सार्वजनिक उत्तरदायित्व बहन गर्ने त्यस्तो पदाधिकारी मानव अधिकार उल्लङ्घन गरे नगरेको कुराको परीक्षण गरी जिम्मेवारी सुम्पने सम्बन्धमा परीक्षण प्रक्रिया (Vetting process) सम्बन्धी खास कानूनको व्यवस्था हालसम्म निर्माण नभएको र यस अदालतबाट लीलाधर भण्डारीको निवेदनमासमेत सो सम्बन्धमा आवश्यक व्यवस्था गर्न नेपाल सरकारका नाममा आदेशसमेत जारी भैसकेको अवस्थामा पनि परीक्षण प्रक्रिया प्रशस्त गर्ने हिसाबले आवश्यक कानून एवं मापदण्ड तोकी सोको कार्यान्वयनको व्यवस्था मिलाउन विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाममा निर्देशानात्मक आदेश जारी हुने ।

विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको लिखित जवाफबाट समेत नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६ (५) तथा लोक सेवा आयोग ऐन, २०६६ को दफा १६ र १७ को भावनाअनुरूप प्रहरी संगठनमा नियुक्ति एवं बढुवाका सम्बन्धमा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा लोक सेवा आयोगसँग परामर्श गरेको नदेखिएकोले अब आइन्दा उक्त संवैधानिक एवं कानूनी प्रावधान अनिवार्य रूपमा अपनाई लोक सेवा आयोगसँग परामर्श लिई मात्रै नेपाल प्रहरी सेवाको पदमा नियुक्ति वा बढुवासम्बन्धी कार्य अघि बढाउनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल सरकार गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालय तथा विपक्षी लोक सेवा आयोगका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल साउन २८ रोज १ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-WO-०८२३, उत्प्रेषण परमादेश, *वीरबहादुर ऐडी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत*

अदालतको अन्तिम भएर रहेको आदेश फैसलाको कार्यान्वयन पालना गर्नु सबै पक्षहरूको दायित्व हुन्छ । सरकारजस्तो जिम्मेवार निकायबाट त्यसको अनदेखा गर्ने बारेमा कदापि सोच्न पनि सकिँदैन । अदालतको अन्तिम फैसलाबमोजिम निवेदकलाई स्वास्थ्य सेवा विभागको २०६६।४।२ को निर्णयानुसार सि.अ.हे.व. प्रदान गरी जिल्ला स्वास्थ्य कार्यालय, बाजुराको मिति २०६६।१०।७ को निर्णयानुसार हुनीमहती स्वास्थ्य चौकीमा रिक्त रहेको सि.अ.हे.व. पदमा पदस्थापनसमेत गरी अदालतको फैसला कार्यान्वयन भएको अवस्था छ । एकपटक अदालतको फैसलाबमोजिमको कार्य गरी फैसला कार्यान्वयन गरेपछि बिना आधार कारण हठात् निर्णय गरी पदस्थापनको निर्णय बदर गरेको सुदूर पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, डोटीको मिति २०६६।१०।२० को निर्णय अदालतको उल्लिखित फैसलाकोसमेत प्रतिकूल देखिँदा कायम रहन नसक्ने हुँदा रिट निवेदकलाई अदालतको अन्तिम फैसलाबमोजिम पदस्थापन गर्ने गरेको जिल्ला स्वास्थ्य कार्यालय, बाजुराको निर्णय कानूनसम्मत् नै रहे भएको देखिएको अवस्थामा बिना आधार कारण उक्त निर्णय बदर गरेको सुदूर पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, डोटीको मिति २०६६।१०।२० को निर्णय अदालतको फैसलासमेतको प्रतिकूल भै त्रुटिपूर्ण देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । जिल्ला स्वास्थ्य कार्यालय, मार्तडी बाजुराको मिति २०६६।१०।७ को निर्णयबमोजिम हुनीमहती स्वास्थ्य चौकी बाजुरामा सि.अ.हे.व. पदमा पदस्थापन भएका निवेदकलाई पदस्थापन भएको कार्यालयमा यथावत् कामकाज गर्न दिनू भनी प्रत्यर्थीको नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल साउन १४ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-WO-११२४, उत्प्रेषण, *ओम आश्रम वीरगञ्ज तथा व्यवस्थापन पक्षको*

*तर्फबाट प्रवन्ध सञ्चालक महेन्द्रबहादुर अमात्य वि. सन्तोषकुमार खैरगोली*

अमुक कर्मचारी वा कामदारले प्रतिष्ठान वा कम्पनीको हितविपरीत वा कुनै कारोवारबाट कम्पनी प्रतिष्ठानलाई नोक्सानी र आफूलाई फाइदा हुने कार्य गरेको भन्ने आधार लिई त्यस्तो कर्मचारी वा कामदारलाई सेवाबाट बर्खास्त गर्ने वा निजलाई अन्य कारवाही गर्ने भन्ने कुरा सम्बन्धित कम्पनीको आफ्नो अन्तर्निहीत तथा अवशिष्ट अधिकार भए पनि त्यस्तो अधिकारको प्रयोग कानूनबमोजिम हुनु वाञ्छनीय हुन आउने ।

श्रम ऐन, २०४८ को परिच्छेद्-८ ले प्रतिष्ठान/कम्पनीमा कार्यरत् कर्मचारी वा कामदारको हकमा सजाय गर्ने स्पष्ट कार्यविधि सोही परिच्छेद्-८ को कुनै आधार लिई मात्र प्रतिष्ठानमा कार्यरत् कामदार वा कम्पनीलाई सेवाबाट निष्काशन वा बर्खास्त गर्न सक्नेमा सो परिच्छ्द्-८ को कुनै आधार नै नलिई कुनै कामदार वा कर्मचारीलाई हटाइन्छ भने त्यस्तो कार्य श्रम ऐन, २०४८ को परिच्छेद्-८ विपरीत भै गैरकानूनी बर्खास्तसमेत हुने हुन्छ । त्यसरी गैरकानूनी बर्खासी भएको अवस्थामा सम्बन्धित कर्मचारी वा कामदारको पुनर्बहाली गरी निजले प्राप्त गर्ने पारिश्रमिकका सम्बन्धमा श्रम अदालतबाट निर्णय गर्ने कुरासमेत श्रम अदालतको अन्तर्निहीत अधिकारभित्र पर्नेसमेत हुँदा विपक्षी सन्तोषकुमार खैरगोलीलाई नेपाल फर्मास्युटिकल्स ल्याब (प्रा.) लि. नामक कम्पनीको सेवाबाट अवकाश दिँदा श्रम ऐन, २०४८ को परिच्छेद्-८ बमोजिम दिएको होइन भनी रिट निवेदकले रिट निवेदनमा जिकीर लिएको र निजलाई श्रम ऐन, २०४८ को परिच्छेद्-८ बमोजिम सेवाबाट अवकाश दिएकोसमेत नदेखिँदा तथा यस्तो अवकाश ऐनको परिच्छेद्-८ विपरीतको गैरकानूनी अवकाशसमेत देखिएकोले त्यस्तो अवकाश बदर गरी निज सन्तोषकुमार खैरगोलीलाई सेवामा पूर्ववत् पुनर्बहाली गर्ने गरी श्रम अदालत, काठमाडौंबाट मिति २०६६।११।१९ मा भएको फैसला गैरकानूनी नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गर्न नपर्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्र.डा.श्री भरतबहादुर कार्की,** २०६७-WO-०३८०, उत्प्रेषणसमेत, *विन्दाप्रसाद रौनियार वि. जयनारायण रौनियारसमेत*

चलन पूर्जीहरू हेर्दा कि.नं. १५२ को ०-२-१७ मध्ये पश्चिमतर्फको ०-१-१७ धुर मालतर्फको छाडी बाँकी रहेको बिटौरी लाग्ने ०-१-० मध्ये आधि उत्तरतर्फबाट ०-०-१० जग्गा र कि.नं. १५२ को ०-२-१७ मध्ये गा.वि.स. को बिटौरी लाग्ने पूर्वतर्फबाट ०-१-९ छाडी बाँकी रहेको पश्चिमतर्फको ०-१-१७ मध्ये उत्तरतर्फबाट ०-०-१७ जग्गा भनी उल्लेख भएको अवस्थामा फैसलाबमोजिमकै जग्गा चलन चलाएको देखिन्छ । तेस्रो पटकको चलन चलाउँदासमेत सर्वोच्च अदालतको अन्तिम फैसलाबमोजिम पहिला र दोस्रो पटक चलन चलाएका जग्गाहरू नै चलन चलाई दिएको चलन मुचुल्का र चलनपूर्जीबाट देखिन्छ । उक्त चलन मुचुल्का र चलन पूर्जीहरूमा पुनरावेदन अदालतको २०६७।६।७ को आदेशमा उल्लेख भएभैं न.नं. ३ को जग्गा चलन चलाएको भन्ने देखिन आउँदैन । पुनरावेदन अदालतले चलन मुचुल्का र चलन पूर्जीमा समावेश नभएको न.नं. ३ को जग्गासमेत फैसलाभन्दा बाहिर गै चलन चलाएको भन्दै जिल्ला अदालतको कामकारवाही बदर गरेको मिति २०६७।६।७ को आदेश तथ्यभन्दा बाहिर गै भएको देखिँदा कानूनसम्मत मान्न नमिल्ने हुँदा न.नं. ३ को हकमा चलन नै नदिएकोमा चलन दिएको भनी पुनरावेदन अदालत, राजविराजले मिति २०६७।६।७ मा गरेको आदेश तथ्यसंगत नभएको र यस अदालतको पूर्व निर्णयबमोजिम भएको फैसला कार्यान्वयनमा अवरोध गर्नसमेत नमिल्ने भएकोले पुनरावेदन अदालत

राजविराजको मिति २०६७।६।७ को आदेश कायम राख्न नमिली उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल असोज १९ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-WO-०८२४, उत्प्रेषणयुक्त परमादेश, *सन्तोषकुमार साहसमेत वि. कृषि विकास बैंक लि. शाखा कार्यालय, दुहबी, सुनसरीसमेत*

लिलामसम्बन्धी कारवाहीको सार्वजनिक सूचना पत्रिकामा प्रकाशित गरी डाँक लिलाम बढाबढको बढी डाँक बोल्नेलाई लिलाम गरेको तथ्यलाई अन्यथा भन्ने अवस्था देखिँदैन । त्यसमा पनि यस्तो लिलामको डाँक नेपाली नागरिक जो जसले पनि बोली लिन सक्ने नै हुँदा विपक्षी राजेशकुमार साहले सबैभन्दा बढी डाँक बोली लिलाम जग्गा स्वीकारेकोलाई गैरकानूनी भन्न नहुने ।

मूल्याङ्कनको आधारमा मात्र लिलाम गर्नुपर्ने भन्ने बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०५८ र बैंक तथा वित्तीय संस्थाको ऋण असूली नियमावली, २०५९ ले व्यवस्था गरेको देखिँदैन । त्यसमा पनि सार्वजनिक रूपमा बोलपत्र आह्वान गरी बढाबढ गरी लिलाम गरिएको अवस्थामा त्यस्तो न्यूनतम् मूल्य कायम गरिएको अङ्कको प्रभावकारी भूमिका पनि रहँदैन । तसर्थ धितो राखिएको जेथा जग्गाको धितो राख्दा कायम गरिएको मूल्याङ्कन भन्दा कम मूल्याङ्कन भएको भन्ने नहुँदा अन्यायपूर्ण र गैरकानूनी ढंगले मूल्याङ्कन गरी लिलाम भएको भन्ने जिकीरसँग सहमत हुने अवस्था नरहने ।

लिलाम भै दा.खा. दर्तासमेत भैसकेको यस अवस्थामा लिलाम बदरको लागि यी निवेदकहरू सम्बन्धित जिल्ला अदालतमा उजूरी लिई जानसक्ने र सो अदालतबाटै प्रमाणको मूल्याङ्कन गरी विवादको निरोपण हुने वैकल्पिक उपचारको मार्ग हुँदाहुँदै असाधारण अधिकारक्षेत्रबाट बोल्न मिल्ने पनि हुँदैन । साधारण अधिकारक्षेत्रबाट समाधान गर्न सकिने वैकल्पिक उपचारको विद्यमानता भएसम्म अदालतले असाधारण अधिकारक्षेत्रको माध्यमबाट हस्तक्षेप गर्न नमिल्ने ।

रिट निवेदकका पिता सुरेन्द्र साहले मिति २०६०।९।२९ मा कि.नं. ७२ को ०-६-१० जग्गा धितो लिई विपक्षी कृषि विकास बैंक शाखा कार्यालय, दुहबीबाट ऋण लिएपछि भाखाको अवधिभर सम्पर्कमा नै नआई कुनै खोज खबर नगरी साँवा ब्याज तिर्न नगएको अवस्थामा बैंकले लिएको ऋण बुझाउन ल्याउन पटक-पटक पत्राचार गर्दासमेत बेवास्ता गरेकोले कानूनी प्रक्रिया पुर्‍याई राष्ट्रिय स्तरका पत्रिकामा ऋण बुझाउन आउने भन्ने सूचना प्रकाशित गर्दासमेत ऋणी सुरेन्द्र साह तथा निजका छोरा यी निवेदकहरू समेतले कुनै खोजखबर र चासो नदेखाई बसेपछि मिति २०६७।३।१८ गते नेपाल समाचार पत्रमा धितो लिलाम हुने मिति २०६७।५।३ भनी सार्वजनिक सूचना प्रकाशित गरेको देखिन्छ । सो सूचनाको समयावधिमा समेत बैंकको ऋणको साँवा ब्याज तिर्ने बुझाउनेतर्फ रत्तिभर चासो नदिई ऋणी र ऋणीको छोरा यी निवेदकहरू बसेपछि ऋणीले ऋण लिँदाकै अवस्थामा धितो राखिएको जग्गाको समय सीमाभित्र ऋण नतिरे सो धितो जग्गाबाट असूल गरी लिनु भनी मञ्जूरी गरी हक परित्याग गरेको समेतका अवस्थामा कानूनी प्रक्रियाबमोजिम विधिसम्मत् तवरबाट धितो जग्गा लिलाम बढाबढमा विपक्षी राजेशकुमार साहले बढी मोलमा बढाबढबाट सकार गरेको भै निजका नाममा दा.खा. दर्तासमेत भैसकेपछि हाल आएर ऋणीको छोराहरूले बैंकको ऋण असूली प्रक्रियालाई निष्प्रभावी र निस्तेज तुल्याउने गरी साधारण अधिकारक्षेत्रको नियमित प्रक्रियाबाट विचलित भै असाधारण अधिकारक्षेत्र ग्रहण गरी दिएको निवेदनबाट निवेदकहरूको संवैधानिक हक अधिकारमा आघात पुगेको भन्ने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल चैत २४ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०५१८, ०६७-

CR-०२०६, ०६६-CR-००१३, २०६६-CR-०११०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सूर्यबहादुर तामाङसमेत, चन्द्रबहादुर तामाङ वि. नेपाल सरकार, सूर्यबहादुर तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. रामचन्द्र तामाङ*

प्रतिवादी रामचन्द्र तामाङले धारिलो हतियार खुकुरी प्रहार गरी बलराम रिमालको कर्तव्य गरी मारी निजले ज्यानसम्बन्धी महलको १, १३(१) नं. बमोजिमको करार गरेको देखिँदा निजलाई ऐ. १३ (१) बमोजिम सर्वस्वसहित जन्मकैद हुने ।

प्रतिवादीहरू सूर्यबहादुर तामाङ र चन्द्रबहादुर तामाङले बलराम रिमालको ज्यान मार्ने काममा मुख्य भई षड्यन्त्र गर्न संलग्न रहेको कुरालाई अन्यथा भन्न नसकेको र प्रतिवादी रामचन्द्र तामाङको बयानमा यी प्रतिवादीहरूले बलराम रिमाललाई कर्तव्य गरी मार्ने सल्लाहमा सहमत भई आफूले खुकुरी प्रहार गरेको र यी प्रतिवादीहरूले बाटो छेकी बसेको भनी गरेको बयानलाई यी प्रतिवादीहरूले अन्यथा भन्न नसकेकोसमेत नदेखिँदा यी प्रतिवादीहरूको कार्य ज्यानसम्बन्धी महलको १६ नं. बमोजिमको कसूर देखिन आयो । तसर्थ यी प्रतिवादीहरूलाई शुरू नुवाकोट जिल्ला अदालतबाट ज्यानसम्बन्धी महलको १३(४) बमोजिम जन्मकैदको सजाय हुने ठहरी भएको फैसलालाई केही उल्टी गरी ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम १२ वर्ष कैद हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, पाटनको फैसला कानूनसम्मत् देखिने ।

प्रतिवादी चन्द्रबहादुर तामाङको शारीरिक परीक्षणका लागि चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्ज क्याम्पस फोरेन्सिक मेडिसिन विभागबाट प्राप्त डा. हरिहर वस्तीको रायमा प्रतिवादी चन्द्रबहादुर तामाङको उमेर परीक्षण गर्दाको अवस्थामा १५ वर्षको देखिने भन्ने उल्लेख भएको देखिँदा निजको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम कैद वर्ष ६ हुने ।

प्रतिवादी रामचन्द्र तामाङका हकमा ज्यानसम्बन्धी महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको फैसला साधक सदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६९ साल भदौ १८ गते रोज २ शुभम् ।

१०

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CR-०६३७, ०६६- RC-००४८, कर्तव्य ज्यान, *भरूदेवी बुढासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. सीताराम चौधरीसमेत*

पुनरावेदक प्रतिवादी भरूदेवी बुढाले मृतक तुलादेवीको कर्तव्य गरी मार्नमा आफ्नो संलग्नता भएको कुरालाई अन्यथा भन्न सकेको देखिन्न । तर निजले उक्त कसूरमा अन्य प्रतिवादीहरूका कारणबाट आफू संलग्न भएको भनी जिकीर लिँदैमा सो जिकीरका आधारमा निजलाई अन्य कसूरदार सरह कसूरमा सजाय ठहर गर्न मनासिब देखिँदैन । यद्यपि निजको अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्षको बयानबाट कसूरमा संलग्न भएको तथ्य स्थापित भैरहेको अवस्थामा निजलाई कसूरबाट उन्मुक्ति दिन मिल्ने अवस्थासमेत नदेखिँदा निर्दोष मान्न नमिल्ने ।

मृतकलाई कर्तव्य गरी मार्न र सो कार्यमा भरूदेवी बुढालाई दबाब दिई संलग्न गराएको भनी मौकामा बयान गरेको देखिएको र निजले आँखा राम्ररी नदेख्ने अवस्थासमेत तत्कालदेखि नै रहेको देखिएको हुँदा निजलाई अन्य कसूरदार सरह सजाय गर्न चर्को पर्ने देखिँदा अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरेको मनासिब नै देखिन्छ। उक्त अ.बं. १८८ नं. बमोजिम निजलाई ५ वर्ष कैद सजायको रायसम्बन्धमा विचार गर्दा उपरोक्तबमोजिम निजको शारीरिक अवस्थासमेतलाई विचार गरी निजलाई ६ वर्ष कैद गर्नु नै मनासिब ठहर्ने ।

मृतक तुलादेवी बुढालाई मार्नमा प्रत्यक्ष संलग्न रहेकी प्रतिवादी दुरादेवी बुढाको अदालतसमक्षको बयानमासमेत आफू उक्त कसूरमा संलग्न रहेको निजको बयानबाट पुष्टि भएको यस्तो अवस्थामा प्रतिवादी सीताराम चौधरीको पोलका

आधारमा आफूलाई सजाय गर्न नमिल्ने भन्ने निजको पुनरावेदन जिकीरलाई आधार मानी आपराधिक दायित्वबाट उन्मुक्ति दिन मिल्ने नहुँदा निजलाई ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूर अपराधमा सोहीबमोजिम जन्मकैद हुने ।

प्रतिवादी सीताराम चौधरीले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा आफूले मृतकको घाँटी च्याप्ने गरेको र सो कार्यमा प्रतिवादी दुरादेवी बुढा, देउकला बुढासमेतले सहयोग गरी खुट्टासमेत समातेको र भरूदेवी बुढाले बच्चा समातेको भन्ने वारदातमा संलग्न रही तुलादेवी बुढालाई पूर्व योजना मुताबिक कर्तव्य गरी मारेकोमा साविती बयान दिएको देखिन्छ । सोही कुरालाई समर्थन गर्दै अदालतसमक्षको बयानमासमेत प्रतिवादी दुरादेवी बुढाको योजनामुताविक आफूले खनेको चर्पीमा तुलादेवी बुढालाई कर्तव्य गरी मारी सोही खाल्टोमा खनी पुरेको हो भन्नेसमेत बयान गरेको देखिन्छ । तुलादेवी बुढालाई कर्तव्य गरी मारेको कुरामा पूर्ण सावित रही बयान दिएको र सो कुरालाई मौकामा कागज गर्ने रतनरादेवी रेग्मीसमेतको बकपत्रसमेतबाट पुष्टि भएको हुँदा निजलाई ज्यानसम्बन्धी महलको १३(३) बमोजिम जन्मकैदको सजाय हुने ।

तुलादेवी बुढा निज प्रतिवादी देउकलादेवी बुढाकी सौतासमेत रहेको र निजलाई मार्ने पूर्वयोजनाअनुरूप अन्य प्रतिवादीहरूसमेत मिली कर्तव्य गरी मारेकोमा सावित रही बयान दिएको देखिन्छ । अदालतको बयानमा समेत सीताराम चौधरीले घाँटी च्यापेको आफू र दुरादेवी बुढाले खुट्टा च्यापेको भनी वारदातमा संलग्न भएको कुरालाई अन्यथा भन्न सकेको देखिँदैन । सो कुरालाई प्रतिवादी सीताराम चौधरीसमेतको बयानबाट पुष्टि भैरहेको यस्तो अवस्थामा निजलाई निर्दोष मान्न मिल्ने देखिएन । अतः निज प्रतिवादी देउकलादेवी बुढाको यस्तो कार्य ज्यानसम्बन्धी महलको १३(४) विपरीतको कसूरसमेत हुँदा सोहीबमोजिम निजलाई जन्मकैद हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६९ साल भदौ १८ गते रोज २ शुभम् ।

११

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** २०६८-RC-००६२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पञ्चकुमार राईसमेत*

वारदात घटनापूर्व मृतकसँग साथ रहेका प्रतिवादीहरू सो वारदात घटना पछि तत्कालै एकाएक फरार रहनु, वारदातको अवस्था र परिस्थिति हेर्दा रातको समयमा वारदात घटित गरिनु, मृतकलाई मरणासन्न पारी कुटपीट गरिएका घाउचोटहरू देखिनु, कुटपीटको प्रकृतिका घाउ जाँच परीक्षण प्रतिवेदनबाट कडा घाउ चोट लागी मर्ने सम्भावना भएको भन्ने उल्लेख हुनु र उपचारको क्रममा कानूनको म्यादभित्र मृत्यु हुनुले प्रतिवादीहरूले ज्यान मार्ने मनसायपूर्ण कार्यबाट कुटपीटको वारदात गरी सोही पीडाबाट मृत्यु भएको र मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ९ नं. ले पनि मारौं भनी गैह्र मर्ने कुरा गर्दा उसै बखत ज्यान नमरी त्यही चोट पीरले उठ्न नसकी ३१ दिनभित्र मरे ज्यानमारा ठहर्छ भन्नेसमेत भएबाट प्रतिवादीहरूले एकान्तस्थलमा लगी रातको समयमा २०५७।४।१३ गते कुटपीट गरी सख्त घाइते बनाई छाडेकोमा उपचारका क्रममा मिति २०५७।४।१० मा मृत्यु भएको देखिँदा निज प्रतिवादीहरू बेकसूर हुन् भनी अर्थ गर्न नमिल्ने ।

मृतकको शरीरका विभिन्न स्थानमा धेरै घाउ चोटहरू भएको र त्यस्तो घाउ चोटहरू मस्तिष्कमासमेत लागेको कारण भित्री रक्तस्राव हुन गई स्नायु प्रणालीले काम गर्न छोडेकोले मृत्यु भएको भन्ने अवस्था देखिँदा प्रतिवादीहरूको कार्य ज्यान मार्ने मनसायबाट प्रेरित भै गरेको देखिन्छ । त्यसमा पनि मृतकको संवेदनशील अङ्ग मस्तिष्कलगायत शरीरका विभिन्न अङ्गमा चोट छोडी मरणासन्न पारी छोडेको, प्रतिवादीहरूले गरेको वारदातको समय, स्थिति र अवस्था, वारदातको घटनाक्रम अघि र पछिका निजहरूको कार्य व्यवहारको प्रकृतिसमेतबाट मृतकलाई मार्ने नै रहेको भन्ने देखिँदा प्रतिवादीहरूले मृतकको संवेदनशील अङ्ग मस्तिष्कलगायत शरीरका विभिन्न स्थानमा कुटपीट गरी मरणासन्न अवस्थामा पारी छोडी

प्रतिवादीहरूमध्ये कुनै एक प्रतिवादी मृतक घाइतेको उपचार गराउनेतर्फ नलागी दुबैजना प्रतिवादी आफ्नो गाउँघर छोडी वारदातको तत्कालै फरार रहेको कार्य व्यवहारबाट दुबै प्रतिवादीहरूले पूर्व नियोजित कार्ययोजनाबमोजिम आपराधिक मनसायबाट कुटपीट गरेको देखिन्छ। सो कुटपीटको चोटपीरबाट मृतक विजयकुमार राईको मृत्यु भएको वारदात घटनाको परिस्थिति परिवन्धबाट प्रतिवादीहरूको कार्य मनसायपूर्वकको भै ज्यान मार्ने कार्य गरेको पुष्टि हुँदा प्रतिवादीहरूको कार्यलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धी महलको १३(३) नं.को परिभाषाअन्तर्गतको कसूर अपराध ठहऱ्याई जन्मकैदको सजाय गर्ने ठहऱ्याई साधकको रूपमा पेश हुन आएको पुनरावेदन अदालत, धनकुटाको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: श्रीप्रसाद सञ्जेल

कम्प्युटर: विश्वराज पोखरेल

इति संवत् २०६९ साल बैशाख २२ गते रोज ६ शुभम्।

## इजलास नं. ४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६४-CI-००३९, १२७७, करारबमोजिम हिसाब गराईपाऊँ, *शिक्षा तथा खेलकुद मन्त्रालयको तर्फबाट का.मु.सचिव बालानन्द पौडेल वि. सुभाषराज कँडेल, राष्ट्रिय खेलकुद परिषद्को तर्फबाट ऐ.का सचिव जीवनराम श्रेष्ठ वि. सुभाषराज कँडेल*

विवादको करार आठौं दक्षिण एशियाली खेलकुद कार्यकारी समिति र एस.पी. नेपाल इन्टरप्राइजेजबीचमा मिति २०५६।६।५ मा आठौं साफ गेमको टिकट बिक्री वितरण गर्ने विषयमा सम्पन्न भएको देखिन आउँछ। करारको एक पक्ष रहेको उक्त कार्य समिति भङ्ग भै सोको सम्पूर्ण दायित्व शिक्षा तथा खेलकुद मन्त्रालयमा आएको भन्नेमा पनि विवाद छैन। सो करारनामाको शर्त नं. १३ मा यो करारनामाको समयावधि २०५६।६।५ देखि २०५६।६।२५ सम्म रहनेछ भनी उल्लेख भएको पाइन्छ। तथापि सो करारनामाबमोजिम करारको पक्षहरूले आ-आफूले पालना गर्नुपर्ने दायित्व पूरा गरेको वा करारको उद्देश्यबमोजिम खेलको कार्यक्रम सकिएको भए पनि करारका पक्षहरूले पूरा गर्नुपर्ने दायित्व पूरा गरिसकेको पाइँदैन। सो करारमा मिति २०५६।६।५ देखि २०५६।६।२५ सम्म करार अवधि बहाल रहने भनिए पनि सो अवधिभित्र सम्पूर्ण करारबमोजिमको कार्य र दायित्व पूरा भैनसकेको अवस्थामा स्वत: करारको अवधि समाप्त भई दायित्व बहन गर्न नपर्ने भन्न मिल्दैन। करार सम्पन्न हुँदाका बखत करार ऐन, २०२३ बहाल रहेको भए पनि सो ऐनलाई करार ऐन, २०५६ ले खारेज गरिसकेको छ। पुरानो ऐन खारेज भई नयाँ ऐन आई सकेकोमा सो नयाँ ऐनले पुरानो ऐनबमोजिम भए गरेका कामलाई पनि निरन्तरता दिएको हुने।

मन्त्रालयले मिति २०५८।४।२९ का बाँकी रकम बुझाउन ल्याउनु भनी वादीलाई पत्र लेखेबाट मात्र मुद्दा गर्नुपर्ने कारण सिर्जना भएको मान्नुपर्ने हुन आउँछ। यसरी प्रस्तुत मुद्दामा करारमा दुबै पक्षले आफ्नो आचरणबाट करारलाई निरन्तरता दिएको देखिरहेकोले मुद्दा गर्नुपर्ने कारण उत्पन्न हुँदाका समयमा बहाल रहेको ऐनको आधारमा प्रस्तुत मुद्दा ऐनको हदम्यादभित्रै रहेको देखिने।

करारका पक्षहरूलाई करारको शर्तहरू कानूनसरह लागू हुन्छ। करारको यस व्यवस्थाबमोजिम वादीले दावी गरेबमोजिम नभई यो यति सिट संख्या घट्न गएको हो र सोबापत घटेको रकम यति नै हो भनी वस्तुनिष्ठ रूपमा पुनरावेदकले खुलाउन सकेको देखिँदैन। यसका साथै यी विपक्षी वादीबाट अखिल नेपाल फुटबल संघ र प्रहरीसमेतले टिकट लिएको भन्ने देखिन आउँछ। यसबाट पनि यी पुनरावेदकले जिकीर लिएबमोजिमको विपक्षी वादीले लगेको सबै टिकट संख्याबमोजिमको रकम वादीले लिनुपर्ने भन्ने पुष्टि हुन नआउने।

डेढ दशक अगाडिको उक्त करारबमोजिम वादीले राखेको बैंक ग्यारेण्टी पनि फुकुवा भैसकेको भन्ने देखिएको छ। अदालतको फैसलाले सो फुकुवा भएको र त्यसलाई रोक्ने थप प्रयास पुनरावेदकहरूद्वारा

भए गरिएको छैन । वादीले उल्लेख गरेको टिकटको समष्टिगत संख्यामा विभिन्न स्तर र संख्याको सिट बिक्रीका लागि उपलब्ध नगराइएको अवस्थामा करारबमोजिमको पूरै रकम वादीबाट प्रतिवादीले प्राप्त गर्ने अवस्था नरहेको हुँदा मागबमोजिम धितोसमेत फुकुवा हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः मो. अख्तर अली

इति संवत् २०६९ साल असोज १४ गते रोज १ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-CI-०२२१, घर भत्काई जग्गा खाली गरी खिचोला मेटाइपाऊँ, *देवराज राजवंशी वि. सहनलाल साहसमेत*

सुकुम्बासी समस्या समाधान आयोगले घर बसोबास गरेको आधारमा नै कि.नं. २१२ र २१९ प्रतिवादीको नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा दिन सिफारिश गरेकोसमेत देखिँदा विवादित घर २०५६।४।२५ मा बनेको भन्ने वादीको दावी तथा पुनरावेदन जिकीरसमेत सुकुम्बासी समस्या समाधान आयोगको मिति २०५५।९।२८ को निर्णयसमेतबाट खण्डन हुन आएको छ । विवादित जग्गामा घर रहेको भन्ने तथ्य मिति २०४८।११।१३ को लिखतबाट देखिनुको अतिरिक्त सो तथ्यलाई समेत सुकुम्बासी समस्या समाधान आयोगको मिति २०५५।९।२८ को निर्णयबाट समर्थित हुन आएबाट वादी दावी मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. को हदम्यादभित्र दायर भएकोसमेत नदेखिँदा फिराद दावी खारेज हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असोज १४ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६६-WO-०३५७, उत्प्रेषण परमादेश, *स्वरोजगार यातायात व्यवसायी संघको तर्फबाट तथा आफ्नो हकमासमेत रामकुमार भ्लोन वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालयसमेत*

२०६६।७।२२ मा अन्तरिम आदेश भैसकेपश्चात् काठमाडौं उपत्यकामा सञ्चालित तीन पाङ्ग्रे ग्याँस टेम्पोहरूलाई विस्थापित र स्क्र्याप गर्ने गरी मिति २०६६।५।२४ मा भएको निर्णयलाई परिमार्जित गर्ने गरी ग्याँसबाट चल्ने टेम्पोलाई विस्थापन हुने गरी गरिएको निर्णयको सट्टा स्वेच्छिक विस्थापन हुन चाहनेलाई स्वेच्छिक विस्थापन हुन दिने र यसरी स्वेच्छिक विस्थापन हुन चाहनेहरूलाई समेत भन्सार विन्दुमा लाग्ने राजश्वको ९९ प्रतिशत भन्सार छूटको सिफारिश अर्थ मन्त्रालयमा लेखी पठाउने गरी मिति २०६६।८।२८ मा निर्णय भएको देखिन्छ । मिति २०६६।८।२८ को निर्णय माथि हालसम्म निवेदकहरूले कुनै पृथक दृष्टिकोण लिएको नदेखिए पनि उक्त मिति २०६६।८।२८ को निर्णय हालसम्म कार्यान्वयनको अवस्थामा नआएको हुनाले मिति २०६६।५।२४ को निर्णय हालसम्म कायमै रहेको देखिँदा उक्त निर्णय के कुन कानूनमा आधारित भएको भन्ने कुरा स्पष्ट हुन नसक्नुको साथै निवेदकहरूको पेशा रोजगारसँग सम्बन्धित भएको एवं सो निर्णयबाट निवेदकहरूको पेशा रोजगारमाथि प्रत्यक्ष प्रभाव पर्नेसमेत हुनाले मिति २०६६।५।२४ को निर्णय कानूनसम्मत् रूपले भएको देखिएन । त्यसकारण मिति २०६६।५।२४ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । यस सम्बन्धमा पुनः विचार गरी कानूनसम्मत् निर्णय गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः दीपक ढकाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल असोज १५ गते रोज २ शुभम् ।

- ०६६-WO-०५७७, उत्प्रेषण परमादेश, *कुलबहादुर श्रेष्ठसमेत वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

**इजलास नं. ६**

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-००५९, जवर्जस्ती करणी, *विष्णु भन्ने नगेन्द्र ठाकुर वि. नेपाल सरकार*

पीडिताको भनाई, निजको उमेर र प्रतिवादीले आफ्नो यौन सन्तुष्टि पूरा गरी वीर्य स्खलन गरिसकेको भन्ने आधारसमेतबाट अपराधमा सबै चरणहरू पार गरिसकेको अवस्था देखिँदा सो वारदातलाई उद्योगको रूपमा लिन नमिल्ने हुँदा पुनरावेदक प्रतिवादीले अभियोग दावीबमोजिमको कसूर गरेको देखिँदा निजलाई जवर्जस्ती करणीको महलको ३(१) अनुसार १२ वर्ष कैद गरी निजबाट पीडितलाई रू. १०,०००।- क्षतिपूर्ति भराइदिनु पर्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल साउन १७ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-CR-०२८०, जवर्जस्ती करणी, *यामबहादुर कटुवाल वि. नेपाल सरकार*

पीडितालाई प्रतिवादीबाट छुटाउन लाग्दा आफू र छोरा गकुमारलाई घाउ चोट लागेको भन्ने जाहेरवालीको कथन मिसिल संलग्न घाइतेहरूको घा केश फारामबाट र मौकाको कागज एवं जाहेरवाला पीडिता र घाइतेको बकपत्रबाट पुष्टि भएको देखिँदा प्रतिवादीले आफ्नै छोरीलाई जवर्जस्ती करणीको प्रयास गरेको भन्ने तथ्यमा विवाद नदेखिँदा प्रतिवादीले जवर्जस्ती करणीको अपराध गरिसकेको भन्ने नदेखिई जवर्जस्ती करणीको उद्योगसम्म गरेको भन्ने देखिँदा निज प्रतिवादीलाई जवर्जस्ती करणीको उद्योगमा जवर्जस्ती करणीको ५ नं. अनुसार जवर्जस्ती करणी गरेमा हुने सजायको आधा अर्थात् पाँच वर्ष कैद हुने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल साउन १७ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको स.फौ.पु.नं. ०६७-CR-११९०, १२९१, भ्रष्टाचार, *विद्याप्रकाश बुढामगर वि. नेपाल सरकार, बामदेव ज्ञवाली वि. नेपाल सरकार*

प्रतिवादीमध्येका बामदेव ज्ञवालीले ठेक्काको रकम प्राविधिकको अन्तिम प्रतिवेदन नआई, सामान पूरा नै नभई सामान योजनास्थलसम्म नपुर्‍दै, सम्झौता अवधि भुक्तानी भएपछि पनि सम्झौताअनुसारको सामान पूरा भयो भनी रेलिङ्ग झोलुङ्गे पुल योजना कालीकोटका ठेकेदार विद्याप्रकाश बुढालाई ठेक्का अङ्कको कुल रकम रू. ६,३६,३४८।८७ मध्ये सामानबापतको भनी रू. ६,३६,३४८।- भुक्तानी गरेको रकममध्ये अनुसन्धान अधिकृत दशरथ गौतमले दिएको प्रतिवेदनबाट देखिएको ढुवानी हुन बाँकी रहेको सामानको बिगो रू.२,४५,९८०।८७ योजनास्थलसम्म नपुऱ्याई भुक्तानी गरेको देखिँदा सो कार्यले नेपाल सरकारलाई गैरकानूनी हानि र ठेकोदार विद्याप्रकाश बुढालाई गैरकानूनी लाभ पुगेको देखिँदा प्रतिवादी बामदेव ज्ञवालीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) को कसूर गरेको र प्रतिवादी विद्याप्रकाश बुढाले पातालकोट लघु विद्युतीकरण योजनाको लागि सामान तयार गरी ढुवानी गर्ने ठेक्का सम्झौता गरी सम्झौताबमोजिम सामान योजनास्थलसम्म पुऱ्याउने कार्य नगरी रकम भुक्तानी लिई नेपाल सरकारलाई गैरकानूनी हानि र आफूलाई गैरकानूनी लाभ पुऱ्याउने कार्य गरेकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूर गरेको ठहऱ्याई प्रतिवादीहरू बामदेव ज्ञवाली र विद्याप्रकाश बुढालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र ८(४) बमोजिम जनही जरीवाना रू. २,४५,९८०।८७ हुने र सोही ऐनको दफा ८(१) बमोजिम नेपाल सरकारलाई गैरकानूनी हानि पुऱ्याएको बिगो रू.२,४५।९८०।८७ प्रतिवादीहरूबाट नेपाल सरकारले दामासाहीले

भरिपाउने र अभियोगपत्रमा हर्जानासमेतको दावी भएकोमा प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कसूरमा सजाय भएको र सो ऐनमा हर्जाना भराउने कानूनी व्यवस्था नभएकोले हर्जानातर्फ लिएको अभियोग दावी पुग्न नसक्ने ।
इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६९ साल असोज २१ गते रोज १ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६८ सालको स.फौ.पु.नं. ०६७-CR-११९१, १२९३, भ्रष्टाचार, *विद्याप्रकाश बुढामगर वि. नेपाल सरकार, बामदेव ज्ञवाली वि. नेपाल सरकार*
- २०६८ सालको स.फौ.पु.नं. ०६७-CR-११९२, १२९२, भ्रष्टाचार, *विद्याप्रकाश बुढामगर वि. नेपाल सरकार, बामदेव ज्ञवाली वि. नेपाल सरकार*

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको फौ.पु.नं. ०६८-RC-००८२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हर्क ब्लोन तामाङ*

प्रतिवादीले मृतकलाई उखुबारीबाट परपुरुषसँग साथसाथै निस्किएको देख्नासाथ लखेट्दै जाँदा आफ्नो श्रीमतीले ढुङ्गाले हानेको कारण चरम रिसको अवस्थामा आई आफ्नो साथमा भएको चक्कुले मृतकलाई छातीलगायत शरीरका विभिन्न भागमा हान्दा निजको मृत्यु भएको भन्ने देखिन्छ । यसकासाथै निज प्रतिवादी आफैंले नै आफ्नो श्रीमतीको परपुरुषसँग सम्बन्ध रहेको ठानी चक्कुले प्रहार गरी कर्तव्य गरी मारेको हुँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा आई बयान गर्दासमेत सावित भै लेखाई दिएको अवस्था देखिँदा यिनै प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको भन्ने यकीनरूपमा पुष्टि भएको देखिएकोले प्रतिवादी हर्क ब्लोन तामाङलाई सर्वश्वसहित जन्मकैद हुने । कसूरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने देखी १० वर्ष मात्र कैदको सजाय हुनुपर्ने गरी अ.बं. १८८ नं. बमोजिम व्यक्त गरिएको रायसमेत सदर हुने ।
इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः भवानी ढुंगाना
इति संवत् २०६९ साल भदौ २९ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४ सालको ०६५-CI-०८२२, नापी दर्ता बदर दर्ता, *रामजी महतो धानुक वि. रामप्रसाद महतो*

वादीले अंश मुद्दामा भएको मिलापत्रबाट पाएको जग्गा प्रतिवादीले दर्ता गराएको अवस्था हुँदा यस्तो अंशको जग्गा दूषित तवरले दर्ता गराएमा अर्को अंशियारले जहिले पनि बदर गराउन सक्ने अवस्था हुँदा प्रतिवादीले हदम्याद नाघी दायर भएको फिरादबाट इन्साफ गर्न नमिल्ने भनी गरेको जिकीर पुग्न सक्ने अवस्था देखिँदैन । नयाँ नापी हुँदा साविक नक्साअनुसार जग्गाको स्वरूपमा नै फरक पारी नापी दर्ता गराएकोले केवल क्षेत्रफलको हिसाबले मात्र खिचोला भए नभएको ठहर गर्न मिल्ने अवस्था नहुने ।
इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०६९ साल भदौ ११ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८-WO-०११६, उत्प्रेषण, *जीवनकुमार श्रेष्ठसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

निवेदकहरूले यस अदालतबाट जारी भएको मिति २०६८।४।२५ को अन्तरिम आदेशबमोजिम निवेदकहरूलाई कानूनबमोजिम प्राप्त भएको २ वर्षको कार्यकाल समाप्त भई प्रस्तुत रिट निवेदनको औचित्य र प्रयोजन नै समाप्त भइसकेको देखिँदा निवेदन मागबमोजिम आदेश जारी गर्न परेन । अतः यस अदालतबाट मिति २०६८।४।२५ मा जारी भएको अन्तरिम आदेश स्वतः निष्क्रिय भै प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृतः फणिन्द्र पराजुली
इति संवत् २०६९ साल मंसिर ३ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६८-WO-०४५२, उत्प्रेषण, *रामबहादुर कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- २०६७-WO-१२८६, उत्प्रेषण, *रामबहादुर कार्की वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- २०६७-WO-१२९४, उत्प्रेषण, *मुरलीधर चौधरी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८-WO-०४२७, उत्प्रेषणयुक्त परमादेशसमेत, *डेगराज पौडेल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

कानूनबमोजिम नियुक्त यी रिट निवेदक आफ्नो पदमा बहाल रहिरहेको अवस्थामा बिना आधार सोही पदमा अर्को व्यक्ति नियुक्त गर्नको लागि हेरफेरको नाममा बिना आरोप प्रतिवाद गर्ने मौकाबाट समेत बञ्चित गरी यी रिट निवेदकलाई सेवाबाट अवकाश दिने गरी भएको नेपाल सरकार (मन्त्रीस्तर)को मिति २०६८।६।२५ को निर्णयलाई कानूनसम्मत मान्न नमिल्ने हुँदा उत्प्रषणको आदेशद्वारा बदर गरिदिएको छ । अब हेटौंडा अस्पताल विकास समिति गठन (आदेश) २०५९ को दफा ३(३) को अधिनमा रही रिट निवेदक डेगराज पौडेलको बाँकी अवधिसम्म उक्त अस्पताल विकास समितिको अध्यक्ष पदमा निजलाई कामकाज गर्न दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: फणिन्द्र पराजुली

इति संवत् २०६९ साल मंसिर ३ गते रोज १ शुभम् ।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६८-WO-०४३९, उत्प्रेषणयुक्त परमादेशसमेत, *रामविकेश राय यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*
- २०६८-WO-०४४५, उत्प्रेषणयुक्त परमादेश, *खड्गबहादुर बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- २०६८-WO-०६१० उत्प्रेषणयुक्त परमादेशसमेत, *रामधनिप्रसाद केवट वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसमेत*

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७ सालको ०६७-CR-००२३, सरकारी छाप दस्तखत कीर्ते, *नेपाल सरकार वि. बालकृष्ण कायस्थ*

प्रतिवादी बालकृष्ण कायस्थले आफ्नै नाममा दर्ता रहेको सुजाता ट्रेडर्सको नामबाट सेवा व्यवसाय सञ्चालन गर्न भनी कृषि विकास बैंक बैंकिङ्ग कार्यालय, भक्तपुरबाट ऋण लिन भनी आफ्नो नामको भक्तपुर जिल्ला दुवाकोट गा.वि.स. वडा नं. १(घ) को कि.नं. १४४९, १४५०, १४५१ को तथा ऐ. चित्तापोल गा.वि.स. वडा नं. ९(क) को कि.नं. २६९ को जग्गा उक्त बैंकमा धितो राखी रू. ६,००,०००।- ऋण स्वीकृत गराई सो रकम विभिन्न मितिमा कर्जा लिँदा मोटर बाटोसँग जोडिएको भनी नापी नक्सा पेश गरेकोमा अदालतको आदेशानुसार नापी शाखाबाट झिकाइएको सक्कल नक्सा हेर्दा उक्त जग्गाहरूले मोटर बाटो नछोएको भन्ने देखिन आउँछ । त्यसैगरी जग्गाधनी प्रमाण पूर्जामा उल्लिखित जग्गा खरीदको मितिलाई सच्याई अघिल्लो मिति बनाएको हुँदा प्रतिवादीले सरकारी कागजमा कीर्ते गरी सच्याई बैंकबाट ऋण लिने कार्य गरेको र सो कार्य गर्दा आफूलाई फाइदा र बैंकलाई नोक्सानी हुने मनसायले गरेको भन्नेमा विवाद नदेखिँदा निज प्रतिवादीलाई कीर्ते कागजको ९ नं. अनुसार रू. १,५०,०००।- जरीवाना र ऐ. १२ नं. अनुसार १ वर्ष कैद तथा ठगीको महलको ४ नं. अनुसार रू. ५,०००।- जरीवाना र ३ वर्ष कैद हुने ।

लिलाम गराई लिँदा सो धितोले बैंकले आफूले लिनुपर्ने रकम नखामेमा मात्र प्रतिवादीले

बैंकलाई तिर्न बाँकी बिगो यकीन हुन आउने अवस्था हुँदा अहिले नै लिलाम हुनुपूर्व दावीबमोजिमको रकमलाई बिगो कायम गर्न मिल्ने नदेखिँदा पुनरावेदन जिकीरबमोजिम प्रतिवादीले लिएको सम्पूर्ण ऋण रकमलाई नै ठगी भएको बिगो कायम गर्नुपर्ने भन्न नमिल्ने हुँदा प्रतिवादीले आफ्नो नामको जग्गा धितो राखी लिएको कर्जा रकमलाई हानि नोक्सानी गरेको बिगो मानी सो बिगोको रकमलाई आधार मानी ठगीमा सजाय गर्न कानून र न्यायको रोहमा नमिल्ने ।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६९ साल साउन १६ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-CI-०८१५, परमादेश, *गुठी संस्थान शाखा कार्यालय, महोत्तरीसमेत वि. रामविलास महतो कोइरी*

निश्चित् प्रक्रियाअनुसार कसैका नाउँमा जग्गा हक हस्तान्तरण भै पूर्जासमेत प्राप्त गरिसकेको अवस्थामा सो व्यक्तिलाई लामो समयसम्म आफ्नो ईच्छाअनुसार जग्गाको प्रयोग गर्न नदिई बिना प्रयोजन रोक्का राखी अल्झाई राख्ने कार्यलाई न्यायोचित् मान्न सकिँदैन । अर्कोतर्फ जग्गा रोक्का नरहेकै कारणले मात्रै सो जग्गाको दर्ता बदरलगायतका कानूनी प्रक्रिया अगाडि बढाउन नसकिने अवस्था पनि देखिँदैन । यस्तो स्थितिमा निवेदन दावीअनुसारको जग्गा रोक्का राखी राख्नुपर्ने प्रयोजन नदेखिएको हुँदा जग्गा फुकुवा गरिदिन परमादेश जारी हुने ।

इजलास अधिकृतः ऋषिराम आचार्य

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६९ साल कात्तिक २३ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-WO-०३०४, उत्प्रेषण, *उदयकुमार गुप्ता वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

रिट निवेदकलाई मर्का पर्ने गरी बढुवा समिति र लोक सेवा आयोगले कुनै निर्णय नगरेको हुँदा रिट निवेदकले जिकीर लिनु भएअनुसारको कामकारवाही गरी निजको कुनै कानूनी एवं संवैधानिक हक हनन् नगरी केवल ऐन नियमको परिधिभित्र रही आफ्नो भूमिका निर्वाह गरेको देखिँदा र निवेदक मागबमोजिमको पदमा बढुवा भइसक्नु भएको हुँदासमेत प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल कात्तिक २१ गते रोज ३ शुभम् ।

## एकल इजलास

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा,** ०६९-WO-०५६७, उत्प्रेषण परमादेश समेत, *केन्द्रीय कार्यालय चावहिल, ७ मा अवस्थित हाम्रो नेपाल पार्टीका अध्यक्ष भैरवबहादुर कार्कीसमेत वि. राष्ट्रपतिको कार्यालय, शितलनिवास, महाराजगंज, काठमाडौंसमेत*

आफूलाई अन्याय भएको वा मर्का परेको कुरा शिष्ट एवं संयमपूर्ण भाषामा आफूलाई अन्याय भएको वा मर्का परेको कुरा खुलाई जुनसुकै व्यक्तिले कानूनमा व्यवस्था भएबमोजिम अदालतमा कानूनी उपचार खोज्ने अधिकार रहन्छ । तर अदालतमा प्रस्तुत गरिने निवेदन फिराद वा प्रतिउत्तरपत्रलगायतका लिखतहरू मार्फत् कुनै व्यक्ति विरुद्ध अमर्यादित भाषामा गाली गलौज गर्ने वा नभएको निराधार आरोपहरू लगाउने अधिकार रहँदैन । असंयमित एवं अमर्यादित भाषाको प्रयोग कुनै पनि सभ्य समाजका लागि सुहाउँदो कुरा होइन । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २५ को उपनियम (८) मा "लिखतका विषयहरू सिलसिलेवार रूपमा प्रकरण छुट्याई उचित र संयमपूर्ण भाषामा लेखिएको हुनुपर्छ" भन्ने व्यवस्था रहेको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक प्रत्याभूति गरेको छ ।

अदालतमा पेश गरिने लिखतहरूमा निर्वाध रूपमा अमर्यादित भाषाको प्रयोग हुने र निराधार आरोप उल्लेख हुन दिने हो भने कुनै पनि व्यक्तिको संविधानद्वारा प्रत्याभूत सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुरक्षित हुन सक्दैन । अदालत व्यक्तिको अधिकारको रक्षा र न्यायको लागि स्थापित भएको एवं अदालतमा प्रवेश गराइने वा अदालतद्वारा तयार गरिने कतिपय लिखतहरू सार्वजनिक चासोको विषय हुने र सञ्चार माध्यममा प्रकाशित हुने हुनाले अदालतमा प्रयुक्त हुने भाषा शिष्ट र संयमित हुनु झनै महत्त्वपूर्ण छ। त्यसैले अदालतमा पेश गरिने लिखतलाई माध्यम बनाएर कुनै पनि व्यक्तिले कसैलाई गाली गलौज गर्ने वा निराधार आरोप लगाउने हक हुँदैन । त्यसमा पनि राष्ट्रपतिको पद सम्पूर्ण जनताको लागि गरिमामय र सम्मानित संस्था हुन्छ । अतः सम्मानीत राष्ट्रपतिलाई "अत्तोथापी ढिलासुस्ती गरी राष्ट्रलाई धोका दिई नेपाली जनतालाई कुठाराघात गरी राष्ट्र विप्लव गर्ने कार्य गरेको" भन्ने जस्ता असंयमित र आधार प्रमाण नभएको भाषा प्रयोग भएको लिखत अदालतमा विधिवत् दर्ता हुनका लागि सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २५ को उपनियम (८) मा तोकेको रीत पुगेको मान्न मिल्ने भएन ।

तसर्थ निवेदनमा सम्मानीय राष्ट्रपति सम्बन्धमा प्रयुक्त भएका शब्दावलीहरू मर्यादित एवं संयमपूर्ण नभएको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम २५(८) को विपरीत भई अदालतमा दर्ता गर्ने लिखतमा पुऱ्याउनु पर्ने रीतसम्बन्धी सामान्य कुरा नमिलेको भई दर्ता हुनसमेत योग्य नदेखिएको निवेदन दर्ता भई इजलाससमक्ष पेश हुन आएको देखिँदा प्रस्तुत निवेदनमा उठाएको मागसम्बन्धी विषयमा प्रारम्भिक रूपबाटै प्रवेश गरी विचार गर्नुपर्ने नदेखिएकोले विपक्षीहरूको नाममा कारण देखाउ आदेश जारी गरी रहन परेन । रिट निवेदन खारेज हुने ।

साथै, प्रस्तुत निवेदनमा सम्माननीय राष्ट्रपतिका विरुद्ध प्रयोग भएको भाषा एवं शब्दावलीहरू अमर्यादित एवं असंयमित भई सर्वोच्च अदालत नियमावली, २०४९ को परिच्छेद ५ अनुसार अदालतमा दर्ता गर्ने लिखतमा पुऱ्याउनु पर्ने रीतसम्बन्धी सामान्य कुराहरूसमेत पूरा नभएकोले निवेदन दर्ता हुनका लागि समेत योग्य नभएकोमा दर्ता भई इजलास समक्ष पेश भएको देखिन आयो । अदालतमा पेश भएका लिखतहरूलाई माध्यम बनाएर कुनै पनि व्यक्ति वा संस्थाको इज्जत, मर्यादा र सम्मानमा आँच पुग्न नदिनेतर्फ व्यक्तिका अधिकार र न्यायको रक्षकको रूपमा रहेको अदालत सदैव सचेष्ट रहनुपर्ने हुन्छ । अतः अदालतमा दर्ता हुने लिखतहरू दर्ता हुनुपूर्व नियमबमोजिम रीतसम्बन्धी सामान्य कुराहरू हेरी, जाँचबुझ गरी लिखत दर्ता गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्न समेत यस अदालतका रजिष्ट्रारको ध्यानाकर्षण गरिएकोले आदेशको जानकारी दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्यूटरः रामशरण तिमिल्सिना
इति सम्वत् २०६९ मंसिर २० गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०६९-WO-०६१८, उत्प्रेषण परमादेश, *भक्तपुर नगरपालिका वडा नं १७ सल्लाघारीस्थित नेपो इण्डष्ट्रिज प्रा.लि.को तर्फबाट पवनकुमार संघईसमेत वि. श्रम कार्यालय, बागमती अञ्चल, टेकु, काठमाडौंसमेत*

कम्पनीको व्यवस्थापक र कामदारहरूबीच भएको सम्झौताको कार्यान्वयन प्रयोजनार्थ श्रम ऐन, २०४८ बमोजिम कामदारहरूको निवेदनअनुरूप कम्पनीले विशेष भत्ता प्रदान गर्नुपर्ने भनी विपक्षीमध्येका श्रम कार्यालय, बागमती अञ्चलबाट भएको निर्णयलाई सदर गर्ने गरी श्रम अदालत, अनामनगरबाट भएको फैसला निवेदकको दावीमुताबिक कानूनी रूपमा त्रुटिपूर्ण देखिन नआएकोले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः मञ्जिता ढुंगाना
इति संवत् २०६९ साल पुस ९ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०६९-WO-०६४८, उत्प्रेषण परमादेशसमेत, *पदम चन्दसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क अनुसार गरेको निर्णयउपर चित्त नबुझेमा निवेदकलाई पुनरावेदन गर्ने वैकल्पिक कानूनी उपचारको हक भैरहेको तथा आयोगले आफ्नो क्षेत्राधिकारअन्तर्गत रही गरेको निर्णयकमा सम्बन्धमा प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन वा कार्यविधि वा सारवान कानूनको गम्भीर त्रुटि नदेखिएको अवस्थामा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुने प्रारम्भिक रूपबाट नै नदेखिएकोले विपक्षी झिकाउने आदेश गरिरहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६९ साल पुस १६ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा,** ०६९-WO-०६५०, उत्प्रेषणसमेत, *भीमप्रसाद शेरचन वि. एन.एम. वि. बैंक लिमिटेड, बबरमहल काठमाडौंसमेत*

कम्पनीले लिएको ऋण वा कम्पनीको दायित्वसँग शेयरहोल्डरहरूले धारण गरेको शेयरको अनुपातसँग कुनै सीधा सम्बन्ध हुँदैन। निवेदकले निजसमेत सञ्चालक रहेको कम्पनी मनकामना मनी एक्सप्रेस प्रा.लि. को नाममा ऋण लिने क्रममा आफ्नो नाममा रहेको सम्पत्ति धितो दिँदा आफ्नो शेयरको अनुपातमा मात्र दायित्व हुने शर्तमा आफ्नो नाममा रहेको सम्पत्ति धितो राख्न समहति दिएको भन्ने कुरा उल्लेख गर्न सकेको पनि देखिँदैन। वस्तुतः कम्पनीको र त्यसका शेयरहोल्डर वा सञ्चालकहरू भन्दा पृथक व्यक्तित्व हुने हुँदा कम्पनीका सञ्चालक वा शेयरहोल्डरहरूबीच आपसी विवादको विषय कम्पनीको आन्तरिक विषय भएको हुनाले सो विवादको विषय वा सोसँग सम्बन्धित मुद्दाहरूलाई लिएर पृथक अस्तित्व भएको कम्पनीलाई विपक्षी बैंकको प्रवाह गरेको ऋण असूलीको प्रक्रियालाई रोक्न नमिल्ने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल
कम्प्युटरः राशरण तिमिल्सिना
इति संवत् २०६९ साल पुस १६ गते रोज २ शुभम्।

## पूर्ण इजलासमा पेश हुने

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६८-WO-०३४४, उत्प्रेषणमिश्रित परमादेश, *बुद्ध एयर प्रा.लि.को तर्फबाट तथा आफ्नो हकमासमेत सुरेन्द्रबहादुर बस्नेत वि. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत*

नजीर प्रतिपादन गर्ने निकायका नजीरहरूमा एकरूपता कायम नभई दिँदा उत्पन्न जटिलतालाई निराकरण गर्न ढिलाई हुन गएमा समस्त न्यायिक प्रणाली नै थप अन्यौलग्रस्त हुन पुग्ने स्थिति छ। यस कानूनी प्रश्नको निराकरण गर्दा कतै सर्वोच्च अदालतजस्तो न्यायको अन्तिम धरोहर संस्था राजश्व न्यायाधिकरणको परिपूरकको रूपमा परिणत नहोस् भन्ने कुराको हेक्का राख्न जरूरी छ भने नागरिक वा नागरिकहरूको संस्थाहरूको मौलिक वा कानूनी हकको संरक्षणमा सर्वोच्च अदालतको भूमिका प्रभावकारी हुन नसकेमा संविधानवाद प्रताडित हुन जाने भए पनि त्यतिकै जटिल छ। कर अधिकृतको कर निर्धारण आदेशउपर प्रशासकीय पुनरावलोकनमा जाँदा विवादित करको ३३ प्रतिशत र सोउपर राजश्व न्यायाधिकरणमा पुनरावेदन गर्न जाँदा थप १७ प्रतिशत रकम दाखिल गर्नुपर्ने कानूनी व्यवस्था छल्न साधारण उपचारको बाटो छाडी असाधारण अधिकारक्षेत्रमा प्रवेश गरिएको भन्ने प्रतिवाद कथन पनि विचारणीय छ। राजश्व असूलीको एक मात्र ध्येयले कानूनको ठाडो अवज्ञा गरिएको कर निर्धारण आदेशउपर पनि साधारण अधिकारक्षेत्रअन्तर्गत जानु संवैधानिक मान्यताविपरीत रहेको निवेदन कथन पनि उपेक्षायोग्य नहुने।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) को परिप्रेक्ष्यमा के कस्तो अवस्थामा

वैकल्पिक उपचार अपर्याप्त वा प्रभावहीन हुन पुग्दछ र पूर्ण न्यायको परिसीमा के कस्तो हुनुपर्दछ भन्ने प्रश्नमा पूर्ण इजलासले सुनिश्चित सिद्धान्त प्रतिपादन गरी यो जटिल कानूनी प्रश्नको निराकरण हुन उपयुक्त हुने ।

प्रस्तुत विवादमा थप केही प्रश्नको निराकरण पनि साथसाथै हुन जानु वाञ्छनीय छ । प्रस्तुत विवादमा आयकर ऐन, २०५८ को दफा १०१(६) को प्रयोजनार्थ कर निर्धारणको सूचना २०६८।६।५ मा दिएको विरूद्ध प्रतिषेधसमेतको माग गर्दै २०६८।६।९ मा रिट दायर भएको छ । सो रिटमा कारण देखाउ आदेश जारी गरी विवादलाई यस अदालत निर्णयार्थ ग्रहण गरेको छ । साथै २०६८।६।५ को सूचनाको प्रकरण ६ का हकमा संशोधित कर निर्धारण आदेश नगर्न २०६८।६।१० मा अन्तिम आदेशबारे अन्तिम टुङ्गो नलाग्दासम्मका लागि तात्कालीक अन्तरिम आदेश जारी भई सोलाई निरन्तरता दिने वा नदिने विषयमा छलफल गर्न २०६८।६।३० को दिन तोकी विपक्षी झिकाइएको छ । आयकर ऐन, २०५८ को दफा १०१(३) को चार वर्षभित्र कर निर्धारण गर्नै पर्ने कानूनी परिप्रेक्ष्यमा २०६८।६।३० मा निर्णय गरिनु पर्ने अन्तिम दिन रहेको छ । २०६८।६।३० का दिन प्राविधिक कारणले अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने विषयमा सुनुवाई नै आरम्भ हुन नसकेको स्थिति रहेको छ । सोही दिन अदालतबाट निर्णय भई आएअनुरूप हुने गरी कर निर्धारण आदेश भएको छ र यही आदेश बदरको माग गर्दै प्रस्तुत उत्प्रेषणको निवेदन यस अदालतमा दायर भएको छ । एकातिर जारी अन्तरिम आदेश कायम छ भने अर्कातिर सोही दिन निर्णय नगरे कर निर्धारण गर्न नसकिने स्थिति छ । सो दिन बहस आरम्भ भई अर्को दिन सो बहसले निरन्तरता पाउने स्थिति पनि रहन्थ्यो । कानूनले निर्धारण गरेको हदम्याद लम्बिन सक्दैन । यो सामान्य र सर्वमान्य सिद्धान्त हो । तर काल्पनिक नै सही यस्तो विषम परिस्थितिमा हदम्यादको कानूनी जटिलतामा समुचित निकासको प्रवन्ध गरी भविष्यलाई मार्ग दिर्नेश गर्नुपर्ने उपस्थित कानूनी रूपमा जटिल प्रश्नको निक्यौंल पनि पूर्ण इजलासबाट हुने आवश्यकता यो इजलास महसूस गर्दछ । कारण संशोधन पूर्वको कीर्ते कागजको १८ नं. को "भए गरेको" मितिले दुई वर्षभित्र जालसाजीमा नालिस गर्नुपर्ने हदम्यादको व्यवस्थालाई "थाहा पाएको" दुई वर्ष भनी २०२९ सालमा सर्वोच्च अदालतले व्याख्या गरेकै हो । पुनरावेदन अदालतको निर्णय भएको मितिले ३५ दिनभित्र तत्काल पुनरावेदनको अनुमति तथा हाल दोहोऱ्याई पाऊँ भन्ने निवेदन दिनपर्ने न्याय प्रशासन ऐनका व्यवस्थालाई "थाहा पाएको" ३५ दिन पनि यसै अदालतले कायम गरेकै हो र आज पनि यो प्रचलित नै रहेको देखिने ।

वैकल्पिक उपचारको विद्यमानताका कारणबाट यो रिट निवेदन खारेज नभई विषयवस्तुमा प्रवेश गर्नुपर्ने आवश्यकता आई परेमा यस रिटमा अन्तर्निहीत कानूनी प्रश्नको निरोपणसमेत पूर्ण इजलासबाटै हुन आवश्यक छ । पहिले किस्ताबन्दीमा किनिएको हवाइजहाजको पछिबाट एकमुष्ट सबै रकम तिर्दा बिक्रेताले दिएको छूट कर लाग्ने प्रकृतिको आय हो होइन र साविककै मूल्यअनुसार ह्रास कट्टी भैरहेको कुराले सो कुरालाई प्रभाव पार्न सक्ने हो होइन भन्ने कानूनी प्रश्नपनि पूर्ण इजलासबाट निरोपण भई दिएमा भविष्यलाई समेत एउटा स्पष्ट कानूनी मार्गदर्शन प्रतिपादन हुन पुग्नेछ । तसर्थ, कानूनी जटिलताहरूको प्रसंगमा प्रासंगिक हुन आएको यो कानूनी प्रश्नको जटिलताको पनि पूर्ण इजलासबाटै निक्यौंल हुन आवश्यक छ ।

उपरोक्त कानूनी जटिलताहरूको विवेचना भई एउटा सुनिश्चित् मापदण्ड बन्न आवश्यक भएबाट प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(घ) बमोजिम पूर्ण इजलाससमक्ष पेश गर्नू ।

इजलास अधिकृत: नारायणप्रसाद पौडेल
कम्प्युटर: सुदीप पंङ्गानी
इति संवत् २०६९ साल पुस २९ गते रोज १ शुभम् ।

- यसै लगाउको ०६८-WO-०२८४, प्रतिषेधसमेत, *बुद्ध एयर प्रा.लि.को तर्फबाट*

*तथा आफ्नो हकमासमेत सुरेन्द्रबहादुर बस्नेत वि. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

## रायबाझी फैसला

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६४-CI-०८३१, घरजग्गा खिचोला, *प्रकाशजंग राणा वि. गीतारानी हमाल*

**मा.न्या. श्री गरीश चन्द्र लालको रायः**

वादीका सगोलका छोराले कागज गरी खिचोला भएको मिति २०५६।३।२९ मा नै स्वीकार गरेको हुँदा सोही मितिबाट घर बनाउनेको महलको ११ नं. को हदम्यादभित्र फिराद गर्नुपर्नेमा सो हदम्याद नघाई मिति २०५७।४।९ मा मात्र फिराद दायर भएको देखियो । त्यसकारण वादी दावी हदम्यादभित्रको भन्न नमिल्ने ।

वादीले नै विवादित घर बनाएको भन्ने कुरा निजले कुनै लिखत प्रमाणबाट पुष्ट्याई गर्न नसकेको एवं विवादित होटल २०५४।१०।२० मा प्रतिवादीको नाउँमा दर्ता भई उक्त दर्ता एवं भोगमा वादी प्रतिवादीबीच लिखित रूपमा विवाद भएको तथ्य स्वीकार गरी वादीले मिति २०५६।३।९ मा निवेदन दिई मिति २०५६।३।२९ मा कागज गरेको र मिति २०५४।१०।२० गतेदेखि नै प्रतिवादीकै नाउँमा दर्ता भोगमा रहेको हुँदा सोही मितिबाट नै घर बनाउनेको ११ नं. एवं जग्गा मिच्नेको १८ नं. को हदम्यादभित्र फिराद दायर गर्नुपर्नेमा सो हदम्याद नघाई मिति २०५७।२।२१ मा खिचोला भएको भनी मिति २०५७।४।९ मा मात्र फिराद दायर भएको देखिनाले अ.बं. १८० नं. बमोजिम वादी दावी खारेज हुने ठहर्छ । सो ठहर्नाले वादी दावीबमोजिम खिचोला ठहर गरेको शुरू धनुषा जिल्ला अदालतको मिति २०६०।९।९ को फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६२।८।८।४ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

**मा.न्या.श्री वैद्यनाथ उपाध्यायको रायः**

कि.नं. २६५ मा रहेको होटल प्रतिवादीले प्राप्त गरेको जग्गाको सीमानासँग जोडिएको छैन । कि.नं. २६६ को पश्चिम प्रतिवादीले र पूर्व गीतारानीले लिएको र निज सो पूर्व २६५ निजै गीतारानीको भएको जग्गामा बनेको रेष्टुरेण्ट र जग्गा प्रतिवादीले प्राप्त गरेको जग्गाको सीमानासँग नजोडिएको त्यस्तो घरजग्गामा प्रतिवादीले आफ्नो भनेबाट निजले खिचोला गरेको भन्ने तथ्य निजकै स्वीकारोक्तिले प्रष्ट पारेको छ । न.नं. १७, १७क, १७ख, १७घ, १८क, १८, १८ख, १८घ, १९, १९क र १९ख समेतका घर जग्गा वादीकै हकको भएको देखिएको र उक्त विवादित न.नं. का घरजग्गामा प्रतिवादीले अनधिकृत रूपमा कब्जा गरी खिचोला गरेको पुष्टि भएकोले उक्त जग्गा र घरमा प्रतिवादीले गरेको खिचोला मेटाई सो घर जग्गामा वादीले चलनसमेत पाउने ठहऱ्याएको धनुषा जिल्ला अदालतको मिति २०६०।९।२ को फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६२।८।४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

फिराद जग्गा मिच्नेको महलको १८ नं. र घर बनाउनेको महलको ११ नं. को हदम्यादभित्र नभएको भनी फिराद खारेज हुने ठहर गर्नु भएको माननीय न्यायाधीश श्री गिरीश चन्द्र लालज्यूको रायसँग मतैक्य हुन नसकेकोले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्नू ।

इजलास अधिकृतः दीपक ढकाल
कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल भदौ २६ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६४-CI-०८३२, बहाल दिलाई घर खाली गराईपाऊँ, *प्रकाशजंग राणा वि. गीतारानी हमाल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।